# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




मंसीर पूर्णिमा

मैत्री संघको दोश्रो वार्षिक सभामा सहभागीहरु मध्ये भिक्षु अश्वघोषको दायाँ मैत्री संघका अध्यक्ष विश्वरत्न शाक्य हुनुहुन्छ (फोटो माथि)

"बुद्ध धर्म र बौद्धहरू" विषयमा प्रवचन दिनुहुँदै भिक्षु अश्वघोष

वर्ष- १६ अङ्क- ८ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| धम्मपद ११४-११५ | २ | बुद्धकालीन केही प्रमुख विहारहरू | १४ |
| धन्यवाद | ३ | सरणमुत्तमं | १६ |
| त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक) दीघनिकाय-४ सामञ्ञफल-सुत्त (क/२) | ४ | भिक्षाटन | १६ |
| संयुक्त निकाय- द्वितीय भाग | ६ | बुद्धको धार्मिक शिक्षा | १७ |
| "दुःख बालमूर्ख हुँदा" | ८ | बोधिसत्त्वया पर्येषणा : बोधिसत्त्वया भाषां | १९ |
| शान्ति स्तूप अनद् र काँचो भात | १० | धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-८ | २१ |
| बुद्ध दर्शनमा ६ दिशाको महत्व-२ | १२ | धर्मकीर्ति विहार- गतिविधि | २२ |
| भगवान बुद्ध | १३ | धर्मकीर्ति पत्रिकाको विशेष सदस्य | २२ |
| गरूँ के ? | १३ | धर्म प्रचार- समाचार | २३ |
| | | वावा पासापिं याकनं वा | २५ |


★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु ।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ध्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY

December 1998

| वर्ष- १६ | अङ्क- ८ | योमरिपुन्ही | २०५५ |
|---|---|---|---|





★ **गाडिराखेको धन देखाइदिने हितैषीले झैं आफ्नो दोष देखाइदिने, कोट्याई-कोट्याई भनिदिने, अनुशासन सिकाईदिने, अर्ति उपदेश दिने, मेघावी पण्डितजनको भजन वा सत्संगत गर्ने व्यक्तिको भलो मात्र हुन्छ, हानी कहिल्यै हुँदैन ।**

★★★

★ **जसरी दुहुने वित्तिकै ताजा दूध तुरून्तै विग्रिंदैन, त्यसैगरी आफूले गरेको पाप कर्मको फल पनि तुरून्तै आउँदैन । खरानीले छोपीएको भुत-भुते आगोको रापले जस्तै, त्यो मूर्खलाई उसले गरेको पाप कर्मको फलले पोल्दै गइरहन्छ ।**

★★★

★ **अरूहरूको दोष खोजी हिंड्ने बानी नगर, अरूहरूले के गरेका छन् के गरेका छैनन् त्यसलाई पनि वास्ता नगर । आफूले गरेको र नगरेको राम्रा, नराम्रा कामहरू उपर मात्र विचार गर्ने गर ।**

Downloaded from http://www.dhamma.digital

# धम्मपद ११४–११५

✍ रीना तुलाधर

"न नग्गचरिया न जटा न पङ्का
ना नासका थण्डिलसायिका वा
रजो च जल्लं उक्कुटिकप्पधानं
सोधेन्ति मच्चं अवितिण्ण कङ्खं ।"

**अर्थ–** नाँगै बस्दैमा, जटा लगाउँदैमा, हिलोमा बस्दैमा नखाईकन बस्दैमा, भुइँमा सुत्दैमा, धुलोले जिउमा दल्दैमा, उकडूँ बस्दैमा इच्छा निरोध भएर शुद्ध हुँदैन ।

**घटना–** भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको समयमा एउटा भिक्षु आफ्ना थुप्रै निजी सामान लिएर बस्थ्यो । त्यही कारणले त्यस भिक्षुको नाम नै बहुभण्डिक रह्‌यो ।

भिक्षु हुनु भन्दा पहिले ऊ एउटा श्रावस्तीको धनी मानिस थियो । आफ्नी गृहिणीको मृत्यु भएपछि उसले आफू भिक्षु भएर बस्ने निधो गरे । तर भिक्षु संघमा सम्मिलित हुनुभन्दा पहिले नै उसले आफ्नो लागि एउटा विहार बनाए । विहारमा भान्छा, भण्डार पनि बनाए । उसले आफ्नै फर्निचरहरू पनि ल्याएर राखे । थुप्रै भाँडाकुँडाहरू र प्रशस्त अन्न, घ्यू, तेल पनि भण्डारमा भरे । दिनहुँ आफूले चाहे जस्तो पकवानहरू आफ्नै नोकरहरूलाई बनाउन दिएर भोजन गर्थ्यो । यसप्रकार एउटा भिक्षु भएर पनि साहु महाजनको जस्तो सुविधा र विलासीको जीवन बिताई रह्‌यो । उक्त भिक्षुको यस्तो चाला भएकोले एकदिन अरू भिक्षुहरूले उसलाई भगवान बुद्धकहाँ लगे । भगवान बुद्धको अगाडि त्यस भिक्षुले आफ्ना प्रशस्त निजी सामान राखेको र बिलासी जीवन बिताइरहेको कुरा सबै अगाडि राखे ।

भगवान बुद्धले बहुभण्डिक भिक्षुलाई सम्बोधन गरेर भन्नुभयो– "मैले तिमीहरूलाई अल्पेक्ष भएर साधारण जीवन, कठीन जीवन बिताउनको लागि शिक्षा दिएको छु । तिमीले किन यतिका निजी सामान राखेर बसेका छौ ?"

भगवान बुद्धले यति मात्र भन्नुहुँदा ती भिक्षु रिसाएर आफूले लगाई राखेको उत्तरासँग र संघाटी फुकालेर केवल अन्तरवासक लगाएर परिषदको बिचमा उभेर भने– "भन्ते यसरी बस्यो भने राम्रो होइन र ? अब देखि म तपाइँले भने जस्तै गरी रहन्छु ।"

बहुभण्डिक भिक्षुको यस्तो ब्यवहार देखेर भगवान बुद्धले उसको पूर्वजन्मको देवधम्म जातकको कथा सुनाउनु हुँदै भन्नुभयो– "तिमी त्यो जन्ममा एउटा शैतान थियो । शैतान भएर जन्मेको बेलामा त तिमीलाई नराम्रो काम गर्न, लज्जा, शर्म र भय थियो । आज एउटा भिक्षु भएर मेरो शिक्षा लिएर बस्दा पनि किन तिमीले नराम्रो काम गर्न लाज मानेनौ र तिमीलाई भय भएन ?"

भगवान बुद्धबाट यस्तो कुरा सुनेपछि उसलाई आफ्नो गल्तीको महशूस भयो । उसलाई लज्जा र भय भयो । भगवान बुद्धसँग क्षमा मागे । भगवान बुद्धले फेरि उसलाई भन्नुभयो– "आफूले लगाएको माथिल्लो लुगा त्यसरी फ्याँकेर उभिँदैमा तिमीलाई कठीन जीवन बिताएको भिक्षु भनिन्दैन । भिक्षुले आफ्नो संदेहलाई फ्याँक्नु पर्छ ।" यसरी उपदेश दिनुहुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

★

"अलङ्कतो चे'पि समं चरेय्य
सन्तो दन्तो नियतो ब्रह्मचारी
सब्बेसु भूतेसु निधाय दण्डं
सो ब्राह्मणो सो समणो स'भिक्खु"

**अर्थ–** राम्रो लुगा, गहना लगाएर बसेतापनि सम्यक आचरण गरेर, शान्त-दान्त भएर, सदा ब्रह्मचारी भए, सबै प्राणीहरूको उपरमा दया करूणा राखेर बसे भने उसलाई श्रमण भनिन्छ ।

**घटना-** भगवान बुद्ध श्रावस्तीमा जेतवन विहारमा बस्नुभएको समयमा भगवान बुद्धले राजा प्रसेनजीतका मन्त्री सन्ततीको कारणमा यो गाथा भन्नुभएको थियो ।

एक समयमा कोशल देशको सीमानामा राजद्रोह भएको थियो । सन्तती मन्त्रीले त्यो ठाउँमा गएर राजद्रोह दमन गरेर आएपछि कोशल नरेश प्रसेनजीत उनीसँग खुशी भएर उनलाई इनाम स्वरूप धेरै उपहारहरू दिए र सँगसँगै सात दिनसम्म मोजमस्ती गरी मनोरञ्जन गर्नु



Downloaded from http://www.dhamma.digital

भनेर एउटी नर्तकी पनि साथमा दिए । सात दिनसम्म नर्तकीसँग रसरङ्ग गरेपछि सातौं दिनमा नुहाउन नदीतिर गईरहँदा सन्तती मन्त्रीले भगवान बुद्धलाई भिक्षा जानु हुँदै गरेको देखे । आफू रक्सीले लागेको अवस्थामा भएकोले सन्तती मन्त्रीले भगवान बुद्धलाई साधारण तवरले वन्दना गरेर आफ्नो बाटो लागे । सन्तती मन्त्रीलाई देखेर भगवान बुद्ध मुसुक्क हाँस्नु भयो । भगवान बुद्ध हाँस्नु भएको देखेर सँगै हिंडेका आनन्द भिक्षुले भगवान बुद्धलाई हाँस्नु भएको कारण सोध्नुभयो। भगवान बुद्धले भन्नुभयो– "आनन्द यी मन्त्री आजै मकहाँ आउने छ र मैले सानो उपदेश दिएपछि अरहत हुनेछ। फेरि अरहत हुने बित्तिकै आजै उसको परिनिर्वाण पनि हुनेछ ।"

सन्ततीले आफ्ना साथी समूहसँग नदी किनारामा दिनभरी नुहाई, खाई, पिई मोजमज्जा गरेर बिताए । साँझतिर अरू मोज गर्न सन्तती आफ्ना साथी समूहसँग बगैंचामा गएर अरू पिउन थाले, नर्तकीले नाच देखाइन्। नर्तकीले पनि भरसक राम्रो नाचेर उनीहरूलाई मनोरञ्जन गराइन्। एक सप्ताह भरी नर्तकीले आफ्नो जिउ दुब्लो पातलो राख्न कम खाना खाईराखेकी थिइन्। सात दिनसम्म नाचगान गरेर जिउमा धपेडी गरेकोले अचानक नर्तकी थाकेर भुइँमा लडिन् र उत्तिखेरै मरिन्। आफ्नी प्रिय नर्तकीको यसरी अचानक मृत्यु हुँदा सन्ततीलाई ठूलो दु:खको चोट पर्‍यो । दु:खको घडीमा उसले भगवान बुद्धलाई सम्झे र भगवान बुद्धकहाँ शरण गए । सन्ततीले अचानक नर्तकीको मृत्यु भएको कुरा बेली विस्तार गरेर यसरी बिन्ति गरे– "भन्ते मलाई यो दु:ख सहन मद्दत गर्नुस् । मलाई शरण दिनुस् । मेरो मनमा शान्ति ल्याई दिनुस् ।" भगवान बुद्धले भन्नुभयो– "तिमी निर्धक्क हुनु । तिमी सहयोग गर्न सक्ने व्यक्तिको ठाउँमा आईपुगेका छौ । तिमीलाई यहाँ निरन्तर सान्त्वना मिल्छ ।" भगवान बुद्धले उपदेश दिंदै भन्नुभयो– "भूतकालमा तिमीमा मायामा टाँसिने स्वभाव थियो । यसबाट उम्क । भविष्यमा पनि यस्तो मोहमा टाँसिने नगर । वर्तमानमा पनि त्यस्तो आशक्तिको ठाउँ नबनाऊ । मोह, आकांक्षा, अनुराग मनबाट हटायो भने तिमीलाई सान्त्वना मिल्छ र निर्वाण महशूस गर्छौ ।"

भगवान बुद्धबाट यस्तो उपदेश सुनेपछि सन्तती मन्त्री अरहत भए । आफ्नो अन्तिम समय पनि आइसकेको महशूस गरेर भगवान बुद्धसँग परिनिर्वाण हुन अनुमती लिए । यही तेजो कसिण भावना गर्दै परिनिर्वाण भए । उनको शरीर त्यहीं जलेर सिद्धियो । अस्थिधातु चाहिं जमीनमा बचे । भगवान बुद्धको आज्ञानुसार भिक्षुहरूले उसको शरीरको अस्थिधातु सफा कपडामा थापे । यी सब अद्‌भुत दृश्य देखेर भिक्षुहरूले भगवान बुद्धसँग सोधे– "मन्त्रीले लुगा र गहनाले अलंकृत भएर नै निर्वाण प्राप्त गरे। उसलाई श्रमण भन्ने कि ब्राह्मण ?" भगवान बुद्धले भन्नुभयो– "मेरा यी पुत्रलाई श्रमण र ब्राह्मण दुईटै भन्न सकिन्छ ।" यस्तो भन्नुहुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

## धन्यवाद

✍ हरिकृष्ण श्रेष्ठ, धरान-१२

घरको काम धन्दा पन्छाएर ।
पाहुना पाललाई बिर्सेर ॥
सेवामा आउने भिक्षु भिक्षुणी हो ।
यहाँको कार्य अपरम्पार छ ॥

चारैतिर हिंसाको चर्चा भएको बेला
लागू पदार्थको सेवनले तथा
एड्स जस्तो भयानक रोगले
त्राही त्राही भएको बेला

चोर र डाँका झूठो र हल्ला
खुलेयाम बजारमा भएको बेला
यहाँहरूले विश्वमा शान्तिको लागि
चुनौती दिने यहाँको कार्य अपरम्पार छ।

सच्चा नागरीक तयार गरी
देश विकासमा लगाउने
अनुशासित जीवन बिताउन
कोशीशमा लाग्ने
यहाँको कार्य अपरम्पार छ ।

भिक्षा मागी दान र चन्दाबाट
सुन्दर समाजको निर्माण गर्न
कम्मर कस्ने भिक्षु भिक्षुणी
तथा बुद्धमार्गीहरूलाई
धन्यवाद छ !
धन्यवाद छ !!



Downloaded from http://www.dhamma.digital

# सामञ्ञफल-सुत्त (क/२)

✍ कोण्डन्य, संघाराम

त्रिपिटक अन्तर्गत दीघनिकायको शील लक्षण वर्गको दोश्रो सूत्र हो– "सामञ्ञफल सुत्त" अर्थात श्रामण्यफल सूत्र । भगवान बुद्धले राजगृहस्थित जीवकको आँपको बनमा यस सूत्र देशना गर्नुभएका थिए ।

यसमा बुद्धकालीन ६ जना प्रसिद्ध आचार्यहरूका मत-सिद्धान्त के हो भन्ने कुरा स्पष्ट पारिएका छन्, जुन बुद्धधर्म र दर्शन अध्ययन गर्ने विद्यार्थीहरूका लागि महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ । सूत्रमा भनिए अनुसार राजगृहका राजा अजातशत्रुले आफ्ना पिता बिम्बिसार राजाको हत्या (पितृवध) गरे पश्चात उनलाई पश्चात्तापको आगोले मनमा भत्भत् पोल्छ, छटपटीले सताउँछ र के कस्ता श्रमण (त्यागी)हरू सत्सँग गरे मनमा शान्ति प्राप्त होला भनी मन्त्रीगण समक्ष प्रश्न राख्छ । राजाको मनमा शान्तिरूपी फूल फुलाउन सहयोग लिन योग्य भनी पूर्ण काश्यप, मक्खलि गोसाल, अजित केसकम्बल, प्रकुध कात्यायन, निगण्ठनातपुत्र, संजय बेलट्ठिपुत्तहरूका प्रशंसा गर्दै नामोच्चारण गरिए । त्यतिबेला राजाको छेउमै बस्दै गरेका राजबैद्य जीवक नबोलीकन नतमस्तक भई बसे । 'सौम्य जीवक ! तिमी किन नबोलिकन चूप ?' भनेर सोधिएको प्रश्नको जवाफ दिँदै भने- "वहाँ भगवान अरहत सम्यक् सम्बुद्ध, विद्याचरणले युक्त, सुगत, लोकविद्, अनुत्तर पुरुष दम्य सारथी, देव-मनुष्यहरूका शास्ता-भगवान बुद्धसँग सत्संग गरे महाराजाको दिलमा शान्ति छाउने हुन्छ, मनमा आनन्द प्राप्त भई हलुंगो सुखानुभूति मिल्छ । अहिले वहाँ हाम्रै आँपको बनमा विराजमान हुनुहुन्छ ।" यो कुरा सुनी राजामा बुद्धको दर्शन गर्नजाने सद्इच्छा पलाउँछ ।

देवदत्तको कुसंगतको कारणले बुद्ध-शिक्षाको प्रतिकूल आफ्ना पितामह राजा बिम्बिसारको हत्या गरेको, स्वयं बुद्धलाई हत्या गर्ने देवदत्तको सुनियोजित षडयन्त्रमा सहयोग पुऱ्याएको जस्ता कुराहरू राजाको मनमा झलझली याद आउँछ, अब बुद्धलाई आफ्नो अनुहार कसरी देखाउँ भन्ने मनमा कुरा खेलेर झन् बसीनसक्नेगरी उकूस-मुकूस हुन्छ । बाऱ्हसय पचास भिक्षुहरूका साथ आम्रबनमा बस्नु भएका बुद्धलाई भेट्न गएका राजाको मन एक्कासी भयभीत र त्रसित हुन्छ । कहीं शत्रुहरूको जालमा फँस्ने त होइन भन्ने महशूस हुन्छ । जीवकले आफूलाई घात (धोका) गरी शत्रुलाई सपुदर्गि गर्न लागेको भान हुन्छ । सन्नाटा छाएको, निश्चल-निशब्दतालेयुक्त अति नै शान्त वातावरणले छाएको, सयौंको जमघट स्थल भनेतापनि कसैको एक शब्द, एक खोकीको आवाज समेत नसुनिने, चराचुरुङ्गी-कीटपटंगको समेत केही पनि आवाज नसुनिने हुँदा राजा भयभीत हुनु, डराउनु स्वाभाविक नै हो । जीवकलाई यस कुराको ज्ञात हुन्छ, राजालाई त्रसित-भयभित हुन नपर्ने, आफूले कुनै पनि तवरले घात गर्न नखोजेको कुरा स्पष्ट पार्छ ।

बुद्ध समक्ष आफ्नो जिज्ञासा बारे केही प्रश्न राख्ने अनुमती जाहेर गरेका राजालाई बुद्धले जे जे सोध्ने इच्छा छ सोधे हुन्छ भनेपछि प्रश्न गर्छ– "भन्ते ! अनेक प्रकारले व्यवसाय (कामकाज) गरी आफूलाई, आमा-बाबुलाई, छोरा-छोरीलाई, साथीभाई सुखी र आनन्दित तुल्याई दक्षिणा दानगरी पुण्य संचय गरीने जस्तै श्रमण (भिक्षु) भएर के यसै जीवनमा श्रामण्यफल (श्रमणत्व/साधुत्व) प्राप्त गर्न सकिन्छ र ?"

बुद्धले प्रश्नको जवाफ दिन अगाडि राजालाई प्रतिप्रश्न गर्दै यस किसिमको प्रश्न अरू कोही श्रमण तथा ब्राह्मणहरूसँग सोधेको छ कि छैन, यदि सोधेको भए के-कस्ता जवाफ दिए भनी सोध्छ । राजाले प्रतिप्रश्नको जवाफ दिने क्रममा तत्कालीन ६ जना लोकप्रिय, प्रसिद्ध आचार्यहरूका मत-सिद्धान्तका बारे तल उल्लेख गरिएझैं बताउँदै जान्छ । वास्तवमा यिनीहरूका मत-सिद्धान्तका बारे सुनेर राजालाई धेरै नै अप्रसन्नता जागेको थियो । ती आचार्यहरूका मत यसप्रकारका छन्–

(क) पूर्ण काश्यप– उनको मत अकृयावाद हो, यसमा पाप-पुण्य भनेको छैन । प्राणीहिंसा, लुटपात, बदमासी काम, परस्त्री-गमन, मारकाट, झूठावादी भएतापनि कुनै किसिमको पाप हुँदैन, पाप लाग्दैन पनि । दान दिंदा र दिन लगाउँदा, यज्ञ गर्दा र गर्न लगाउँदै गंगा पारी पुग्दैमा पनि पुण्य हुँदैन । दान, इन्द्रिय दमन,



Downloaded from http://www.dhamma.digital

शील संयम र सत्यवादी भएतापनि पुण्य हुँदैन, पुण्य लाग्दैन ।

(ख) मक्खली गोसाल (आजीवक आचार्य)– जीवको क्लेश वा सत्त्वहरूका संक्लिष्ट हुनुको कुनै हेतु (कारण) छैन, विना हेतु-प्रत्यय सत्त्वहरू संक्लिष्ट हुन्छन्, सत्त्वहरू शुद्ध हुन्छन् । पुरुषार्थ भनेको छैन, बल छैन, वीर्य छैन, पुरुषको शक्ति र पराक्रम छैन, सकल सत्त्व-प्राणी आफ्नो वशमा छैन, भाग्य र संयोगले सीमा निर्धारण गरे जस्तै हुनुपर्ने भएर जान्छ । शील या ब्रत या तप अथवा ब्रह्मचर्यद्वारा अपरिपक्व कर्मलाई परिपक्व बनाइने र परिपक्व कर्मलाई भोगगरी नाश (अन्त) गर्ने भन्ने कुरा पनि गलत हुनु भ्रम मात्र हो । यसरी दोणले (माना) भाग लगाउने झैं अलग अलग छुट्याइएको यस संसारमा न सुख-दु:खलाई घटबढ गर्न सकिन्छ, न त ठूलो-सानो नै पार्न सकिन्छ । जसरी धागोको डल्लो भुइँमा छोड्दा खुकुलिंदै छुटेर अगाडि बढ्छ त्यसरी नै मूर्ख तथा पण्डितहरू पनि घुम्दै-फिर्दै (संसार) दु:खको अन्त्य गर्न पुग्छन् ।

(ग) अजित केसकम्बल– दान, यज्ञ, होमको केही पनि फल हुँदैन, राम्रो कुशल (पुण्य) को पनि नराम्रो-अकुशल (पाप) को पनि विपाक-फल हुँदैन, यो लोक पनि छैन, परलोक पनि छैन, आमा पनि छैन, बुबा पनि छैन, यो लोक र परलोकका बारे आफैंले देखेका, भोगेका, थाहापाएका समर्थ श्रमण (त्यागी) पनि छैन । पृथ्वी, जल, तेज र वायु, धातु वा चतुर्महाभूतले युक्त मानव-शरीर चतुर्महाभूत र इन्द्रिय आकाशमैं अन्त्य (लीन) भएर जान्छ । मूर्खहरूले मात्र दान दिन्छन्, आस्तिकवाद (आत्मा छ) भनेको नचाहिने बकवास मात्र हो, काम लाग्ने विषय होइन । जडवाद वा उच्छेदवाद सत्य हो, त्यसैले जो कोही मर्ने बित्तिकै शरीर नष्ट हुने जस्तै नाश (उच्छेद) प्राप्त हुन्छ, मरिसकेपछि केही हुँदैन (जन्म पनि हुँदैन) ।

(घ) प्रकुध कात्यायन– पृथ्वी, जल, तेज, वायु, सुख, दु:ख र जीवन, यी सप्तकाय पदार्थ सबै अकृत, अनिर्भित, निष्फल, कूटस्थ तथा अचल हुन् । त्यहाँ मार्ने र मार्न लगाउने हुँदैन, फस्ने र फँसाउने पनि हुँदैन, जान्ने र थाहादिने पनि हुँदैन, जो कसैले कसैलाई धारिलो अस्त्रले शिर छिनाली दिए पनि मारेको (हत्या) हुँदैन । सप्तकायको बीच बीचमा हुने प्वालहरूमा मात्र अस्त्र लाग्ने हुन्छ ।

(ङ) निगण्ठनातपुत्त (निर्गन्थ ज्ञातृपुत्र, भगवान् महावीर, जैन-तीर्थंकर)– १) सबै पानी वर्जित गर्नु (जसले गर्दा प्राणी नमरोस्) २) सबै पापबाट बचेर रहनु ३) सबै पापलाई चोख्याउने (धुने, पखाल्ने) ४) सबै पाप बर्जित गर्ने कार्यमा तत्पर रहने । यी चातुर्याम संवरले संयमित हुनेहरू भनी यिनीहरू गतात्म, यतात्म तथा स्थितात्मको रूपमा चिनिन्छन् ।

(च) संजय बेलट्ठिपुत्त– परलोक, प्राणीहरू, तथागत आदिका बारे प्रश्न उठ्दा यस्तो हो भनी नभन्ने, उस्तो हो पनि नभन्ने, अन्यरूपमा पनि केही नभन्ने, यो हो, यो होइन, यस्तो हो, उस्तो हो भनी आफ्नो मत-धारणा नराख्ने अनिश्चिततावादी वा अनिश्चयवादका एक ब्याख्याता ।

यसपछि भगवान् बुद्धले राजाको एक आज्ञाकारी नोकरको उदाहरण दिंदै यदि उक्त नोकर प्रबजित (भिक्षु) हुन गएमा के उसलाई पुन: गृहस्थीमैं फर्काउने वा नोकरकै ब्यवहार गर्ने ? भनी राजासित गरेको प्रश्नलाई उत्तर दिंदै भने– "त्यस्तो त गर्दिन, बरू अभिवादन गरी सेवा-टहल गरूँला, आसन दिन्छु, चीवर, पिंडपात्र (भोजन), शयनाशन (वासस्थान) आदिका लागि निमन्त्रणा चढाउँला, सक्दो जसरी भएपनि सेवा सुश्रुवा गरूँला ।" भौतिक रूपमा महत्त्वपूर्ण नभएपनि प्रत्यक्ष यही जीवनमा देखिने यस श्रमणत्व (भिक्षुत्व) को फलबारे बुद्धले स्पष्ट पार्नुहुँदै श्रमण जीवनमा देखिइने वास्तविक फलको ब्याख्या गर्नुभयो ।

यसपछि भगवान बुद्धले आरम्भिक शील, मध्यम शील, महाशीलका साथै इन्द्रिय संयम, स्मृतिको सावधानी, सन्तोष, समाधि, चार-ध्यान, ज्ञान-साक्षात्कार, विभिन्न सिद्धि, दिव्यश्रोत, परचित्त ज्ञान, पूर्वजन्मको स्मृति र दिव्यदृष्टिले पारंगत भएका श्रमण-भिक्षुहरूका बारे कुरा उठाउनु भयो, जसले श्रमण जीवनमा श्रमणत्वको फल प्राप्त गरेर जानुभयो ।

यसरी यस सूत्रमा बुद्धले श्रमणत्वको फललाई नैतिकताको धरातलमा उभी श्रमणमत्व फलको मुल्यांकन गर्नुभएको छ । लोकको अन्य मूल्यसँग श्रमणत्वलाई मापन गर्न सकिन्न । यस सूत्रबाट बुद्धकालीन धार्मिक अवस्था पनि स्पष्ट भएको पाइन्छ । जुन दृष्टिमा ब्रह्मजाल सूत्रको महत्त्व छ त्यसैगरी यस सूत्रको महत्त्व उत्तिकै रहेको छ । वास्तवमा केही हदसम्म यस सूत्रलाई ब्रह्मजाल सूत्रकै परिपूरक मान्दा पनि अत्युक्ति नहोला । ■ *(क्रमश:)*



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

**द्वितीय भाग**

**नन्दन वर्ग [१. नन्दन सुत्त (१.२.१)] नन्दन वन**

मैले यसरी सुनें– एक समय भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डकको जेतवन आराममा रहनु भएको थियो । त्यहाँ भगवानले भिक्षुहरूलाई बोलाउनु हुँदै भन्नुभयो- "भिक्षुहरू हो !" अनि भिक्षुहरूले भन्ते ! भन्दै उत्तर दिए ।

भगवानले भन्नुभयो– "भिक्षुहरू हो ! धेरै पहिले, त्रावतिंस देवलोकका कोही देवता, नन्दन वनमा अप्सराहरूसँग मिली दिब्य पञ्चकाम गुण सुखको भोग गर्दै, त्यस समय यो गाथा ब्यक्त गर्न थाल्यो–

तिनीहरूले सुखलाई चिन्न सक्दैनन्,
जसले त्रिदश लोकका यशस्वी

देवताहरूको आवास यस नन्दन वनलाई देखेका छैनन् । भिक्षुहरू हो !

त्यस देवताले यस्तो भन्ने बित्तिकै कोही अर्को देवताले उनको यस भनाईलाई उल्लंघन गर्दै यस गाथा ब्यक्त गर्न थाले–

मूर्ख ! तिमीलाई थाहा छैन,
जसरी अर्हन्त ब्यक्तिहरूले यसरी बताउँछन्-
सबै संस्कार अनित्य छन्,
उत्पन्न हुनु र विनाश हुनु यसको स्वभाव हो,
उदय भएर यो अस्ताउँदै पनि जान्छ,
बिल्कुल शान्त भएर जानु नै
यसको परम-पद हो ।

२. **नन्दति सुत्त** (१.२.२) / **चिन्ता रहित**

त्यस देवताले भगवान समक्ष गई यस गाथा ब्यक्त गऱ्यो–

पुत्रहरू भएका ब्यक्तिहरू आफ्ना पुत्रहरूदेखि आनन्दित हुन्छन्, त्यस्तै गाई पाल्ने गोठालाहरू गाईहरू देखि आनन्दित हुन्छन्, सांसारिक वस्तुहरूबाट नै मानिसहरूलाई आराम मिल्दछ, जो ब्यक्तिहरूसँग केही वस्तु हुँदैन, उसलाई आनन्द पनि मिल्दैन ।

भगवान–

पुत्रहरू भएका ब्यक्तिहरू आफ्नै पुत्रहरूको चिन्तामा लीन हुन्छन् भने गाई पाल्ने ब्यक्तिहरू ती गाईहरूकै चिन्तामा अल्मलिरहन्छन् । त्यस्तै सांसारिक वस्तुहरूबाट नै मानिसहरूलाई चिन्ता हुने गर्छ । तर जसको केही वस्तुहरू हुँदैनन्, उसलाई कुनै चिन्ता हुँदैन ।

३. **नत्थि पुत्तसम सुत्त** (१.२.३) / **आफू जस्तो प्यारो अर्को कुनै छैन ।**

त्यस देवताले भगवान समक्ष यस गाथा ब्यक्त गऱ्यो–

पुत्र जस्तो प्यारो अरू कोही छैन,
गाईहरू जस्तो धन अरू केही छैन,
सूर्यको जस्तो प्रकाश अर्को कुनै छैन,
समुद्र सबभन्दा महान जलराशी हो ॥

भगवान–

आफू जस्तो प्यारो अर्को कोही छैन,
धान जस्तो धन अर्को कुनै छैन,
प्रज्ञा जस्तो प्रकाश अर्को कुनै छैन,
बृष्टि नै सबभन्दा महान् जलराशी हो ॥

४. **खत्तिय सुत्त** (१.२.४) / **बुद्ध श्रेठ हो ।**

मानिसहरू मध्ये श्रेष्ठ क्षत्री हो,
चौपायाहरू मध्ये श्रेष्ठ गोरु हो,
श्रीमतीहरू मध्ये श्रेष्ठ कुमारी हो,
र पुत्रहरू मध्ये श्रेष्ठ जेठो पुत्र हो ॥

भगवान–

मानिसहरू मध्ये श्रेष्ठ सम्यक सम्बुद्ध हो,
चौपायाहरू मध्ये श्रेष्ठ राम्ररी तालीम प्राप्त चौपाया हो,
श्रीमतीहरू मध्ये श्रेष्ठ आज्ञाकारी श्रीमती हुन्,
र पुत्रहरू मध्ये श्रेष्ठ त्यो हो जो आज्ञाकारी हुन्छ ॥

५. **सन्तिकाय सुत्त** (१.२.५)

**(शान्तिबाट आनन्द)**

बेलुकीपख, पंक्षीहरू (आ-आफ्ना गुँडमा) बसिरहने बेला, सारा जंगल सुनसान हुन्छ ।



Downloaded from http://www.dhamma.digital

त्यसले गर्दा मलाई डर लाग्दछ ।

भगवान–

बेलुकीपख, पंक्षीहरू (आ-आफ्ना गुँडमा) बसिरहने बेला, सारा जंगल सुनसान हुन्छ ।

त्यसले गर्दा मलाई बडा आनन्द हुन्छ ।

### ६. निद्दातन्दी सुत्त (१.२.६)

**(निन्द्रा र तन्द्रालाई त्याग्ने)**

निद्रा, तन्द्रा आलस्य भई आङ तन्काउने, नरमाइलो भई उकुस मुकुस हुने, भोजन पछि नशा लाग्ने आदि कारणले संसारका प्राणीहरूलाई आर्य मार्ग साक्षात्कार हुँदैन ।

भगवान–

निद्रा, तन्द्रा, आलस्य भई आङ तन्काउने, नरमाइलो भई उकुस मुकुस हुने, भोजन पछि नशा लाग्ने आदि कुबानीहरूलाई उत्साहपूर्वक हटाउन सकेमा आर्य मार्ग प्राप्त गर्न मद्दत पुग्नेछ ।

### ७. कुम्म सुत्त (१.२.७)

**कछुवा समान रक्षा**

गर्न कठिन छ, सहनु पनि ज्यादै कठिन छ,
जो मूर्ख छ, त्यसलाई श्रमण भाव पालन गर्न पनि त्यत्तिकै कठिन हुनेछ,
यहाँ थुप्रै बाधाहरू छन्,
जहाँ मूर्खहरू पराजित हुन्छन् ॥

भगवान–

कतिदिनसम्म श्रमण भावलाई पालन गर्ने,
यदि आफ्नो चित्तलाई वशमा राख्न सकिँदैन भने,
पाइला पाइलामा चिप्लिने डर हुन्छ,
इच्छाको अधिनमा रहने त्यस व्यक्ति ॥
कछुवाको शरीर उसको खोपडी भित्र जसरी बस्छ,
त्यसरी नै जो भिक्षु आफ्नो मनको वितर्कहरूलाई समेटी,
स्वतन्त्रपूर्वक कसैलाई कष्ट नदिई
शान्त भई बस्छ, त्यसले कसैको निन्दा गर्दैन ॥

### ८. हिरि सुत्त (१.२.८)

**(पाप गर्न लजाउने)**

संसारमा यस्तो पुरुष धेरै कम हुन्छ,
जसले पाप कर्म गर्नलाई लजाउँछ,
उ (अरूबाट हुने) निन्दा भय देखेर त्यसै पनि डराइरहन्छ,
जसरी तालीम प्राप्त घोडा चाबुक देखेर तर्सिन्छ ॥

भगवान–

अलिकति पनि पाप कर्म गर्न जो लजाउँछ,
उ संधै स्मृतिवान् भएर विचरण गर्दछ,
उसले सांसारिक दु:खहरूको अन्त्यलाई जानेर,
विषम स्थानमा पनि समतामा रही आचरण गर्दछ ॥

### ९. कुटिसुत्त (१.२.९)

**झोपडीको पनि त्याग**

के तपाईंको कुनै झोपडी छैन ?
के तपाईंको कुनै गुँड छैन ?
के तपाईंको कुनै बाल-बच्चाहरू छैनन् ?
के तपाईं बन्धनबाट अलग्ग हुनुहुन्छ ?

भगवान–

छैन, मेरो कुनै झोपडी छैन,
छैन, मेरो कुनै गुँड छैन,
छैन, मेरो कुनै बाल बच्चाहरू (सन्तान) छैनन्,
हो, म बन्धनबाट अलग्ग छु ॥

देवता–

केलाई मैले तपाईंको झोपडी मानेको छु ?
केलाई मैले तपाईंको गुँड मानेको छु ?
केलाई मैले तपाईंको सन्तान मानेको छु ?
केलाई मैले तपाईंको बन्धन मानेको छु ?

भगवान–

आमालाई तिमीले झोपडी मानेका छौ,
श्रीमतीलाई तिमीले गुँड मानेका छौ,
छोराछोरीलाई तिमीले सन्तान मानेका छौ,
तृष्णालाई तिमीले बन्धन मानेका छौ,

देवता–

ठीक छ, तपाईंको कुनै झोपडी छैन,
ठीक छ, तपाईंको कुनै गुँड छैन,
ठीक छ, तपाईंको कुनै सन्तान छैन,
तपाईं बन्धनबाट साँच्चिकै मुक्त हुनुहुँदो रहेछ ॥

■



Downloaded from http://www.dhamma.digital

# "दुःख बालमूर्ख हुँदा"

✍ श्रा. संघरक्षित

घर बनाउँदा विचार पुऱ्याएन बिचरा कालुचाले। एउटा पनि झ्यालका प्वालहरू राखिएन । दुनियाँ झलमल्ल, किन्तु घरभित्र भने आँखा उघारे पनि बन्दै गरे झैं अन्धकार। आफ्नो दिमागलाई खियाउँदा खियाउँदै जुक्ति निकालेछ, आफै दंग भएछ। अनि टिनको एउटा भाँडो लिएर खुल्ला चौरमा राखेछ । टिनभित्र घाम पर्नासाथ बिर्को लगाई घरमा ल्याएछ । किन्तु उज्यालोलाई समाएर कहाँ ल्याउन सक्नु र ? कहाँ उज्यालो पार्न सक्नु ??

हजूर ! केही नजान्ने, नबुझ्ने, अज्ञानी, कुशल-अकुशलबाट अनभिज्ञ व्यक्तिलाई नै त मूर्खको संज्ञा दिइन्छ। अकुशल-पाप कृत्य अवलम्बन गरिंदा पनि राम्रै सम्झिन्छ, प्रशन्न हुन्छ र अरूलाई पनि उत्प्रेरित गर्दछ। कसैको हित गर्ने लक्ष्यले कार्य गर्दा पनि गाली-आलोचना सिवाय् प्रशंसा-जश पाउन गाऱ्है हुन्छ । यिनीहरूको सम्पूर्ण बुद्धि अनर्थकर हुन्छ र आफ्नै मूर्खताले गर्दा आफूमा बिद्यमान प्रज्ञा तथा कुशल कर्म बमले ध्वस्त पारे जस्तै ध्वंश गरिदिन्छ।

मूर्खको अर्थ सद्धर्म नजान्ने, भव-संसार लामो देख्ने तथापि लामो हुने कार्य गर्ने हुन्छ। हुन त संसार अनित्य । हिजो भएको आज हुँदैन, आज भएको भोलि हुँदैन । जन्मेर हरेक प्राणीले मरण हुनैपर्छ । अनि संसारमा रहेसम्म अनगिन्ती दुःखको सामना गर्नुपर्ने हुन्छ। जस्तो जन्म हुनु नै दुःख, नचाहँदा नचाहँदै बूढा-बूढी हुनुपर्ने दुःख, रोगले कष्ट हुनुपर्ने दुःख, मरण धर्म प्राप्त गर्नुपर्ने दुःख, अप्रियजनसँगको संयोग दुःख, प्रियजनसँगको बिछोड दुःख, इच्छाएको पूर्ति नहुनु दुःख, पञ्चस्कन्धरूपी देह धारण गर्नुपर्ने दुःख, शोक गर्नुपर्ने दुःख, रूनु पर्ने दुःख, पीडित हुनुपर्ने दुःख, चिन्ताले ग्रसित हुनुपर्ने दुःख, अशान्ति हुने दुःख आदि-इत्यादि दुःख छन्। त्यसकारण यो लोक दुःखमय छ। आफूले भने जस्तो नहुनु र निरन्तर परिवर्तन हुँदै जाने भएकोले यो अनात्म हो । किन्तु बालमूर्खजनले अनित्य, दुःख, अनात्मको यथार्थ सत्य अवबोध गर्न सकिंदैन। परिणाम, उसमा लज्जा र भयको विनाश हुनजान्छ। आफ्नो शत्रु आफैंलाई बनाई अनेकन कुकृत्य ताण्डव गर्न पुग्छ । निश्चित छ, उसले मानव भइ-भइकन पनि दानवमा निहित हुने कर्म गर्न पुग्छ।

मूर्खताको संकेत पाप हो र यो दृष्टिगत दोषबाट परियोजना भएको हुन्छ । यदि उसमा सम्यक् दृष्टि नै हुँदैन भने उसले कुशल-अकुशल, सुमार्ग-कुमार्गको पहिचान गर्न असमर्थ हुन्छ । उसले प्राणीहिंसा गर्ने, असत्य बोल्ने, भ्रष्टाचार गर्ने, चोरी गर्ने, अम्मल पदार्थ सेवन गरी मनपरी चल्दै हिंड्ने, चुकली गर्ने, कडाबोल्ने, अनावश्यक कुरा गर्दै बस्ने, लोभलाई जागृत गर्ने, दुनियाँसँग द्वेष भावना राख्ने, मिथ्याधारणाले वशीभूत भई सारलाई असार र असारलाई सार देख्ने जस्ता अकुशल कृत्यहरू, कर्मक्लेश, सम्पत्ति विनाशक कार्यहरू गर्नपुग्छ।

डाडु र पन्युले जति सुकै स्वादिष्ट तरकारीमा डुब्न पुग्दा पनि स्वाद बिल्कुलै थाहा पाउन नसके झैं असत्पुरुष अज्ञानी, बालमूर्खजनले पनि जतिसुकै सत्पुरुष पण्डितको संसर्ग गरेतापनि सद्धर्म पहिचान गर्न सकिंदैन। यस सन्दर्भमा बुद्धकालीन देवदत्तलाई प्रस्तुत गर्न सक्छौं।

हुनत देवदत्त लोकजनका शास्ता सम्यक सम्बुद्ध शाक्यमुनि भगवान गौतम बुद्धको शरणमा पुगेका एक भिक्षु थिए । आरम्भमा आफ्नो प्रयास स्वरूप भौतिक ऋद्धि (चमत्कारीक शक्ति) पनि प्राप्त गरेको थियो । किन्तु मनभित्र उब्जिएको अभिमानी-घमण्डले गर्दा स्वयं आफू बुद्ध हुन खोज्यो। त्यसको लागि उसले के गरेन, भन्नलाई ठाउँसम्म पनि राखी छोडेन। प्रथमतः उसले संघभेद गऱ्यो जुन पञ्चमहापाप अन्तर्गत नै पर्दछ । अनेकन भगवान बुद्धलाई बदनाम गर्ने दुस्प्रयास गऱ्यो। कति पटक त बुद्ध-हत्या गर्ने असफल प्रयास पनि भयो । त्यसको लागि पागल हात्ति बुद्धको सामु छोडिदियो । पहाड मुन्तिरबाट हिंड्दै गरेका बुद्धलाई माथितिरबाट विशाल ढुंगाले प्रहार गऱ्यो। बुद्ध यो प्रहार बाट जोगिए तापनि सानो ढुंगाको टुक्रा उछिट्टिएर खुट्टाको औंलामा लागी कष्टदायक घाउ हुन पुग्यो।

यसरी बुद्ध जस्ता महापुरुषको सत्संगत गर्दा पनि, पल-प्रतिपल अमृतमयी उपदेश श्रवण गर्दा पनि देवदत्तले



Downloaded from http://www.dhamma.digital

आफ्नो मुर्ख्याइँ त्याग्न सकेन । परिणामत: अन्तिम शय्यामा भयानक कष्टको सामना गरी, क्षण-क्षणमा रक्त वमन गरी, धरतीको गर्भमा पतन हुनपुग्यो । भनिन्छ अवीचि नरक जस्तो डरलाग्दो अगतिमा पुग्नु पऱ्यो । यस्तै भयानक परिणाम मूर्खको त हुन्छ नै ।

मूर्खजनको बिशेषता नै हुन्छ, आफ्नो पनि भलो नगर्ने, अरूको पनि भलो नगर्ने, हित हुने संकेत देख्नासाथ कसो गरी हुन्छ बिगार्न खोज्ने वा बिगारी दिने । त्यसकारण आफूमा यस्ता मूर्ख्याइँ बाँकी छ भने भयानक परिणाम कल्पना गरेर त्यागीदिनुपर्छ । यस्ता बालजनका छायाँबाट पनि टाढा हुन सके हाम्रो कल्याण हुन्छ । नत्रभने बालजनको संगत गर्ने हो वा संगतमा पुग्ने हो भने दृष्टि धमिलिन पुग्छ, सेतो पनि कालो देख्न पुग्छ, झलमल्ल उज्यालो जूनेली रात पनि अँध्यारो अमावस्यको रात प्रतीक हुनपुग्छ, अमृत पनि बिष नै सम्झिन पुग्छ । त्यसैले भनिन्छ:

**चरं चे ना'धि गच्छेय्य - सदिसम'त्तनो ।**

**एकचरियं दल्हं कयिरा - नत्थि बाले सहायता ॥**

**- धम्मपद ॥**

**अर्थ–** सकभर आफूभन्दा उत्तम व्यक्तिको सत्संगत गर्ने, नभए आफू समान, यस्ता पनि छैन भने बालमूर्खजनको संगत गर्नुभन्दा दृढतापूर्वक एक्लै विचरण गर्नु नै उत्तम ।

यही कुरा नजानेर होला, विचरा अजातशत्रु ! देवदत्तको कुचक्रमा फस्न पुगिहाल्यो । देवदत्तकै सुनाइबाट आफू राजा हुने तिब्र अभिलाषा जागृत गरेर स्रोतापत्ति फलमा प्रतिष्ठित भइसकेका आफ्ना पिता राजा बिम्बिसारलाई जेलभित्र हालिदियो । यत्तिले पनि नपुगी बन्धनले जकडिएर खानासम्म पनि बन्द गरिदियो । आमाले आहार लुकाएर लग्दै गरेको थाहापाई परीक्षण पश्चात् मात्र भित्र जाने आदेश दिइयो । तापनि ममतामयी महारानीले आफ्ना पति राजा बिम्बिसारको लागि आफ्नो शरीरमा विभिन्न रस दलेर लगीकन जीवित तुल्याई राखी । यो पनि थाहा पाई आमालाई भेट्न जानमा प्रतिबन्ध लगाइदियो ।

स्रोतापत्ति फल प्राप्त गरिसकेका, भगवान बुद्धका उपासक बिम्बिसार यताउता चंक्रमण (स्मृतिपूर्वक ओहोर-दोहोर) गर्दै बाँचिरह्यो । यो पनि असह्य भई अन्तमा बाबुको पैताला चिरेर नून-खुर्सानीको धुलो हाल्न लगायो । जसको तीव्र पीडा सहन गर्न नसकी बिम्बिसार यो संसारबाट सदाको लागि बिदा भएर गयो । पछि अजातशत्रुलाई पनि आफ्नो पुत्र प्राप्त हुँदा बाबुको स्नेह ज्ञात गर्न त पुग्छ तर धेरै अबेर भइसकेको हुन्छ । अब ऊ आजीवन पानी बिनाको माछा झैं छट्पटाउनु सिवाय् अन्य विकल्प थिएन । यसरी बालमूर्खजनको संगत स्वरूप नै अजातशत्रुले आफ्नो जन्मदाता पिताको हत्या गरेर केही गरी पनि छेदन गर्न नसक्ने पञ्चमहापाप । [= (१) पितृ हत्या (२) माता हत्या (३) बुद्धको शरीरबाट रगत निकाल्ने (४) अरहन्त हत्या (५) संघभेद गर्ने] गर्नपुग्यो ।

जसरी दुहुनासाथ दूध बिग्रिदैन, त्यस्तै गर्नासाथ पापको विपाक पनि नआउन सक्छ, किन्तु बिस्तारै पापरूपी आगोको प्रचण्ड रापले पोल्दै भने अवश्य ल्याउनेछ । त्यसैले त यो कुरा ज्ञात गर्नुपर्ने– **"न भजे पापके भित्ते, न भजे पुरिसाधमे"** अर्थात् असत्पुरुष, अकुशल कार्यका अगुवा, बालमूर्खजन मित्र रोज्नु हुन्न तथापि यस्ता अधर्मीहरूको परछाईंबाट पनि टाढै रहने ।

बुद्धले ३८ मंगलको व्याख्या गर्ने क्रममा **"असेवना च बालानं, पण्डितानञ्च सेवना"** अर्थात् मूर्खजनको संगत नगर्नु तथापि पण्डित-विद्वानहरूको संगत गर्नु भनेको उपदेश पनि सदा-सर्वदा चिन्तन-मनन गर्न तथा व्यवहारमा लागू गर्न योग्य नै छ । अन्यथा हामी भन्न सक्तैनौं कि हाम्रो जीवन पनि देवदत्त र अजातशत्रुको झैं शोक र विलापले व्यतित गर्न नपर्ला, दुष्कर यातना भोग्न नपर्ला, सम्पूर्ण व्यक्तिहरूबाट तिरस्कार र बहिष्कार पाउन नपर्ला, पश्चातापमा जीवनको अन्त्य गरेर पनि भयानक, सोच्दा पनि डरलाग्दो अगतिमा होमिन नपर्ला । तसर्थ हरपल हरक्षण सचेत रहनु अत्यावश्यक छ । प्रत्येक कार्यमा स्मृति हुनु जरूरी छ । प्रज्ञाले सुमार्ग-कुमार्गको छनौट गरी कुशल मार्ग रोज्नु अति दरकार छ । अनि कार्ययोजना सुचारू रूपले अवलम्बन गर्नु परे त यही कुरा याद गर्नुपर्ला–

**तञ्च कम्मं कतं साधु - यं कत्वा ना'नुतप्पति ।**

**यस्स पतीतो सुमनो - विपाकं पटिसेवाति ॥**

**-धम्मपद ॥**

**अर्थ–** जसको कर्म-फल भोग गर्दा मनमा किञ्चित् ताप नभइकन प्रीति हुने गर्छ, उक्त कार्य गर्नु अत्युत्तम हुनेछ ॥ अस्तु ॥ ■



Downloaded from http://www.dhamma.digital

# शान्ति स्तूप अनदू र काँचो भात

✍ विश्व शाक्य

मैत्री संघ पोखराबाट नदीपुर कोपिला ढुङ्गा स्थित "बाल विकास कार्यक्रम (सेतो गुराँस)" स्कूल भवनमा मैत्री शिक्षा समूह गठन गरी बाल-बालिकाहरूलाई स्वास्थ, शिक्षा र शील सदाचार बारे ज्ञान गराउँदै आइरहेको ७/८ महिना भयो । यसैक्रममा बाल-बालिकाहरूलाई स्थानीय पर्यटकीय तथा धार्मिक स्थलहरू भ्रमणमा लैजाने परम्परा मैत्री संघले लिएको छ। यो कार्यक्रम अन्तर्गत मैत्री शिक्षा समूहका यी बाल बालिकाहरू बौद्ध अर्धौं सदन, बुद्धमार्ग र माछापुछ्रे बुद्ध विहार, घाचोक पनि पुगिसकेका छन्। यो पटक दशैंको बिदामा केटाकेटीहरूलाई विश्व शान्ति स्तूप, अनदू लैजाने कार्यक्रम अनुसार असोज १० गते अनदू लैजाने कार्यक्रम बनेको थियो।



*अनदू शान्ति स्तूप पुग्न डाँडो उक्लँदै केटाकेटीहरू*

विश्व शान्ति स्तूप, अनदू १ घण्टा उकालो डाँडाको टुप्पोमा अवस्थित एकान्त पर्यटकीय स्थल पनि रहेको हुँदा सबै केटाकेटीलाई नलगेर राम्रो ध्यान अभ्यास भएकाहरूलाई मात्र लैजाने सोंच भएको थियो । जाने बेलासम्म धेरै केटाकेटीहरूले जाने रहर राखेका हुँदा रोक्दा रोक्दै पनि ५०/५२ जना पुगे। अधिकांश बालबालिकाहरू ७ वर्ष देखि १२ वर्ष उमेरका थिए। उनीहरू उकालो चढ्न सक्तैनन् भन्ने डर थियो।

प्रत्येक अष्टमी, पूर्णिमा र औंसीको पूजामा जम्मा हुने चामल प्रशस्त (पुग्ने जत्ति) थियो। त्यहाँ भोजनलाई चामलको खासै समस्या रहेन । केटाकेटीलाई आफ्नो बारीमा फलेको घिरौंला, लौका, स्कूस जे-जे छन् घरमा भनेर लिएर आउन भनियो । केही केटाकेटीले ल्याए पनि। नपुग किनियो। केटाकेटीलाई विहानको नास्ताको व्यवस्था मैत्री संघसँग आबद्ध सदस्यहरूले कसैले चिनी, कसैले चियापत्ती, कसैले दूध र कसैले पाउरोटी गरेर पुऱ्याए । केटाकेटीलाई विहानै नास्ताको ब्यवस्थाको लागि ५/७ जना युवाहरूलाई अघिल्लो रात नै अनदू पठाउने सल्लाह अनुसार मैत्री संघका उपाध्यक्ष विक्रम उदासको नेतृत्वमा सन्देश उदास, विमल उदास, भूवन ताम्राकार, सुनिल उदास, विपिन उदास, पुष्प उदास, दिनेश गुरुङ्ग र प्रकाश पालिखेले सबै सरसामान बोकेर ९ गते बेलुकी अनदू बास बस्नेगरी गए।

१० गते विहान केटाकेटीहरू ६ सवा ६ बजेसम्ममा सबै भेला भए। संघका सचिव गोविन्द ताम्राकार सदस्य सकेन्द्र ताम्राकार र पंक्तिकारको अगुवाइमा पोखरा नगर बसबाट केटाकेटीहरूलाई लिएर छोरेपाटनसम्म गइयो । छोरेपाटनबाट ठयाक्क १ घण्टाको उकालो थियो। ५२ जना बालबालिका र केही युवा युवती सदस्यहरू गरेर कूल ६०/६५ जनाको डफ्फा थियो। विहान ७:३० मा डाँडा चढ्न शुरू गरेको ८:३० बजे अनदू पुग्यौं । केटाकेटीहरू हिंड्न सक्तैनन् होला भन्ने जुन डर थियो त्यसका सामना हामीले गर्न परेन तर हामी अगुवाहरू नै उनीहरूभन्दा धेरै पछि पऱ्यौं।

माथि डाँडोमा पुगेपछि फेवातालतिरबाट आएको हुस्सु र टुवाँलोले अनदू डाँडो ढाक्यो। हुस्सु आएको देखेर "हिऊँ आयो" भनेर केटाकेटीहरू सबै गलल्ल हाँसे । यस्तैमा केटाकेटीहरूसँग अन्टाक्सीरी शुरू भयो । अन्टाक्सीरीको क्रममा सजमिना र मनिषाले "छेक्यो छेक्यो देउराली डाँडा हुस्सु र कुइरोले" भन्ने गीत गाउन थालेपछि पंक्तिकारले बीचमै चर्को स्वरले गाऊन थालियो– "छेक्यो छेक्यो अनदू डाँडा हुस्सु र कुइरोले"



Downloaded from http://www.dhamma.digital

त्यस पछि उनीहरूले पनि त्यही बोलमा गीत गाउन थाले । पछि केटाकेटीमात्र होइन वरपर होटलमा चियाखान बसेकाहरू पनि गलल्ल हाँसे । यसरी हाँसै हाँसोमा उकालो कटेको थाहा भएन । ८:३० बजे सबै केटाकेटी अनदू शान्ति स्तूप आइपुगियो । एकछिन सुस्ताएपछि तुवाँलो फाट्यो । फेवाताल र माछा पुछ्रेको अनुपम दृश्यले सबैलाई आनन्दित तुल्यायो ।

नास्ता तयार थियो । हात मुख धोएपछि आ-आफूले ल्याएको थाल र ग्लासमा सबै केटाकेटीले चिया पाउरोटी खाए । ठीक ९ बजेबाट पूजा कक्षमा सामुहिक बुद्ध पूजा र सामुहिक ध्यान शुरू भयो । २५ मिनटको ध्यानमा स-साना बालबालिकाहरू पनि शान्त पूर्वक सहभागि बने । ध्यानमा सहभागी युवाहरूको तुलनामा केटाकेटीहरू धेरै शान्त देखिन्थे । कारण केटाकेटीहरू विगत ७ महिना देखि ध्यानमा अभ्यस्त थिए भने युवाहरूको यो पहिलो अभ्यास थियो ।

ध्यानपछि श्रद्धेय भिक्षु श्रद्धानन्दबाट धर्मदेशना भयो । धर्मदेशनाको क्रममा उहाँले शील प्रार्थना औपचारिकतामा मात्र सीमित नराखेर ब्यवहारिकतामै उतार्नु पर्ने तर्फ जोड दिनुभयो । धर्मदेशनापछि बालबालिकाहरूलाई निर्माणाधिन विश्व शान्ति स्तूप दर्शनार्थ लगियो । वरपर दर्शनीय स्थल घुमाइयो । भोजन तयार नभैसकेको हुँदा एकछिन बालबालिकाहरूलाई समूहगत हिसावमा रमाइलो गर्न छोडियो ।

भोजन तयार गर्ने काममा ५/७ जना युवाभाईहरू युद्धस्तरमा जुटेका थिए । शान्ति स्तूप, अनदू स्थानको हिसाबले जत्ति रमणीय र धार्मिक वातावरण युक्त छ ब्यवस्थापन त्यसको ठीक विपरीत छ । यस्ता धार्मिक कार्यक्रमहरू त्यहाँ औषत आयोजन भैरहन्छन् तर खाना बनाउने भाँडोको खासै ब्यवस्था छैन । घरबाट लिएर जान पनि सुविधा युक्त छैन । कमसेकम पकाउने भाँडो २/४ वटाको ब्यवस्था हुन सके पुण्य कार्यले अरू गति पाउने थियो । दोश्रो कुरा शौचालय ब्यवस्थापन पनि प्रतिकूल देखियो । सबै शौचालय बन्द गरिएका थिए । ७०/७२ जनाको समूह एउटा शौचालयमा जानुपर्ने बाध्यता थियो ।

येनकेन युवाहरूले भोजन तयार गऱ्यो । भाँडो साँघुरो र भोजन पुऱ्याउनु पर्ने चापले गर्दा चामल बढी हुनगै भात राम्ररी चलाउन र फर्काउन नपाउँदा माथिको भात अलि फुर्फुराऊँदो र कतै आधा काँचो रहेको पंक्तिकार स्वयंमले देखेको थियो । ती फुर्फुराऊँदो भातलाई पल्टाएर राखिएको पनि हो तर १२ बजिसकेको र केटाकेटी पनि भोकाइसकेको हुँदा हतारोमा माथिको फुर्फुराऊँदो भात निकालेर तलको पाकेको भात केटाकेटीलाई दिने होसै नभएर त्यही फुर्फुराऊँदो भात ८/१० जना केटाकेटीलाई परेछ । उनीहरूले पनि केही भनेन छन् । सबैले खाइवरी सकेपछि आ-आफ्नो थाल ग्लास माझ्ने क्रममा भात काँचो भएको गुनासो पंक्तिकारले थाहा पायो । प्रायस: केटाकेटीहरू "काँचो भात" भन्दै आ-आफूमा भन्दै हिंडेको सुनियो । कुरा बुझ्दा माथिको भात पर्ने २/४ जनालाई त्यस्तो पर्न गएको रहेछ । बाँकी सबैले सन्तोषपूर्वक खाएर गएको थाहा भयो । यो काँचो भातको प्रसङ्गले एकछिन खलबल्यायो । पछि साम्य भयो । बिचरा भान्सेहरूको भागमा त तर्कारी पनि परेको थिएन । दाल र भातमा परेका थिए । फेरि पनि उनीहरू सन्तुष्ट थिए, केटाकेटीहरू र अन्य सहभागीहरूलाई भरपेट ख्वाउन सकेकोमा ।

१ बजेसम्ममा भोजन सकिइसकेको थियो । केटाकेटीहरूको केही बेर नाचगानको कार्यक्रम थियो । त्यही भएर हिजो क्यासेट प्लेयर पठाइएको थियो तर बेलुकीको चट्याङ्गले बिजुलीको ट्रान्सफरमरनै उडाइदिएछ । तै पनि केटाकेटीहरू आफैंले गाएरै भए पनि नाचगान गर्न लागे । दिउँसोको १:२० भएको थियो सामुहिक ध्यान र युवाहरूको छुट्टै १ घण्टाको बुद्ध शिक्षा बारेको क्लाश थियो । पानी पर्ला पर्ला जस्तो भएर १० मिनट जत्ति ध्यान राखेर केटाकेटी लिएर सबै तल केटाकेटीहरू छोरेपाटन आइपुगी बस भित्र बस्नु पनि बेतोडले पानी पर्न पनि थालेछ ।

केटाकेटीहरू सकुशल ४ बजेसम्ममा सबै घर आइपुगे । घर आइपुगेर अरू यताउतीको कुरा जेजस्तो भए पनि सबैको मुखबाट एउटै कुरा निस्केछ । त्यो कुरा थियो– "काँचो भात" । २०५५-६-१३ ■



Downloaded from http://www.dhamma.digital

# बुद्ध दर्शनमा ६ दिशाको महत्व-२

✍ **कृष्णकुमार प्रजापति**, नगदेश बुद्ध विहार

५. **अधो दिशाको (तल) नमस्कारः–** बौद्ध दर्शनले आफूलाई सहयोग गर्ने, सेवा भाव राख्ने र सेवा टहल गर्ने व्यक्तिहरूलाई पनि समूचित एवं मानवोचित व्यवहार गर्नुपर्दछ भनी जोड दिइएका कथनहरू प्रसस्त छन्। बुद्ध-धर्म र दर्शनले माया, ममता र करूणा राख्नु पर्छ समस्त प्राणीमा भनी जोडदिएका छन् । मैत्री, करूणा, मुदिता र उपेक्षाभावरूपी चतु:ब्रह्म विहार नै बुद्ध धर्म र दर्शनको अनमोल गरगहना हुन्। बुद्ध धर्म र दर्शनको मौलिकता यही चतु:ब्रह्म रूपी गरगहनाभित्र अन्तर्निहित भएका छन् । आफूलाई सेवाटहल गर्ने व्यक्तिहरूलाई पनि मानवोचित व्यवहार गरी उनीहरूको मन जित्न सकेमा आफ्नो कार्य अझै चाँडै र धेरै सिद्ध गर्न सकिन्छ । नोकर चाकर भनी हेय दृष्टि राखी सामन्ती व्यवहार गरेमा त्यहाँ बैररूपी गौमन साँपले बास गर्न आउँछ र कुनै न कुनै दिन त्यसले मौका पाउनासाथ डस्न सक्छ । मानवले मानव भै समूचित व्यवहार गर्नु नै मानव-धर्म हो, मनुष्य धर्म हो। सामन्त र दास, धनी र गरिब, हुने र नहुनेको रूपमा ठूला-सानाको रूपमा भेद हुनासाथ वर्गीय स्वभाव र वर्ग संघर्षको थालनी भैरहन्छ । त्यसैले त्यस्तो भावना र स्वभावबाट दूर हुन र गर्न **"संघम् शरणम् गच्छामिः"** जस्ता त्रि-शरणको दिशाबोध गर्न गराउन आजभन्दा २५०० वर्ष अघि नै महाकारूणिक तथागत बुद्धले संखघोष गर्नुभयो । जातिपातिको विरोध गर्नुभयो । यो कुरोलाई स्पष्ट श्लोकमा "धम्मपद" मा पाली भाषामा **"नजच्चा वसलो होति - नजच्चा होति ब्राह्मणो, कम्मना बसलो होति - कम्मना होति ब्राह्मणो** : अर्थात् जातले हुन्दैन चण्डाल, जातले हुन्दैन ब्राह्मण, कर्मले हुन्छ चण्डाल, कर्मले हुन्छ ब्राह्मण" भनी उल्लेख भएका छन् । महापण्डित राहुल साँकृत्यायनले - "जहाँ जातिवाद रहन्छ, त्यहाँ बुद्ध धर्म फस्टाउँदैन" भनी उल्लेख भएबाट पनि बुद्ध धर्म र दर्शनले जातिपातिमा विश्वास गर्दैन भन्ने कुरोमा थप पुष्टचाईं भएको छ । आफूलाई सेवा टहल गर्ने नोकर चाकर मात्र त के कुरा समस्त प्राणीमा समेत करूणा दृष्टि राख्नु पर्ने, मैत्री भाव राख्नु भनी बौद्ध दर्शनले जोड दिई आएको कारणले गर्दा आफूलाई सेवा टहल गर्ने र सेवा भाव राख्ने प्रति सम्यक दृष्टि, वचन र कर्म अपनाई मैत्री भाव राखी व्यवहार गर्नु नै अधो दिशा (तल्लो श्रेणी) को नमस्कार वा पूजा गरेको ठहर हुन जान्छ ।

६. **उर्द्ध दिशा (माथिल्लो श्रेणी) को नमस्कारः–** बौद्ध दर्शनले तल्लो श्रेणीका व्यक्तिहरूलाई नै समूचित व्यवहार गर्छन भने माथिल्लो श्रेणी प्रति आदर गौरव नराख्ने त सवालै उठ्दैन । सायद आफूभन्दा माथिल्लो तहका व्यक्ति र शक्तिमाथि आदर गौरव राख्नु पर्दछ भन्ने बारे त्यत्तिको व्याख्यान दिन थप शब्दहरू खर्चिन नपर्ला । किनकि यसको चौथो बुँदामा नै मंगल शूत्रको महिमा बारे चर्चा गरी सके । तैपनि यसमा पुनः कोटचाउने गरेमा पनि बढी हुन नजाला । उर्द्ध दिशाको नमस्कार भनेको अर्हत् प्राप्त श्रमण-ब्राह्मणहरूको समूचित आदर गौरव राख्नु हो, मान सन्मान गर्नु हो । अन्य दर्शनले समेत स्विकारेको छ कि ब्रह्म ज्ञान भएको व्यक्ति र शक्तिको स्वागत सत्कारले कल्याण गर्दछ । र **"जाने तो ब्रह्मा"** भनी ब्राह्मणको परिचय र परिभाषा दिई त्यसको व्यक्ति र शक्तिको सही तवरले मान सन्मान गर्नु पर्दछ ।

हुन पनि यस संसारमा मानिस बाहेक अरू कुनै प्राणीहरूले यस्तो व्यवहार गर्न सक्दैन र हुन्दैन । त्यसैले सहि मानव भएर सम्यक आजिविका अपनाई यस दुर्लभ मानव चोलाको सार्थकता हासिल गर्नुपर्दछ । महामानव तथागत बुद्धले तपाईं हामीलाई बोध गराउने उद्देश्यले आजभन्दा २५८२ वर्ष अघि नै **"दुल्लभं च मनुस्सत्तं"** अर्थात मनुष्य भै जन्मनु दुर्लभ छ, मनुष्य भै बाँच्नु झनै कठिन छ । मनुष्यले मनुष्य भै जन्म लिइएपछि मनुष्य भै बाँच्नु कठीन छ । यस्तो दुर्लभ चोला लिइ जन्मेका मानिसहरूले समाजको लागि केही गरेर जानुपर्दछ । लोकप्रिय भएर बाँच्न सक्नु पर्छ । आदर गौरव राखी, मान सन्मान राखी व्यवहार गर्नाले बैरी हट्छ । श्रमण



Downloaded from http://www.dhamma.digital

ब्राह्मण प्रति आदर, गौरव राखी सम्यक व्यवहार गरी मान सन्मान व्यक्त गर्नुनै माथिल्लो श्रेणी अर्थात् उर्द्ध दिशाको नमस्कार वा पूजा गरेको ठहरिन जान्छ ।

यसरी शान्तिका महौन्नायक, महामानव, तथागत बुद्धले श्रृगाल पुत्रलाई ६ दिशाको मार्ग र अर्थ बताईदिनु भएको कुरा बौद्ध दर्शनमा उल्लेख छ । बुद्ध धर्म र दर्शनले तपाईं हामीलाई अन्ध-अनुशरणको पछाडि कहिल्यै नलाग्नु भनी अर्ति उपदेश दिएको छ । कुनै कुरोलाई जानी र जाँचीमात्र त्यस्को पछाडि लाग र उपयोग गर भनी उपदेश दिएको पाउँछौ । कालाम सूत्रले पनि अरू त के तथागत बुद्धले भनेको र अर्ति उपदेश दिएको भएपनि नजाँचिकन, नसोचिकन, नखारिकन, हतपति नस्वीकार । सुनारले सुन कसिमा घोटे जस्तै आफ्नो दिमागरूपी कसिमा घोटी अर्थात् विवेक प्रयोग गरी सही या बेसही सत्य असत्य छुट्‌याई मात्र त्यसको प्रयोग र जीवनमा लागू गर भनी स्पष्ट उपदेश दिनुभएको छ । एवं तवरले श्रृगाल पुत्ररूपी तपाईं हामीलाई पनि ६ दिशाको अर्थ र मर्म बुझी त्यसको पूजा र नमस्कार गर्नु, लठचौरो मगरले जस्तो विरालो बाँधी श्राद्ध नगर्नु भन्ने जस्ता मानवोचित उपदेशको साकार रूप हो - ६ दिशाको नमस्कार ।

**भवतु सब्ब मङ्गलम् !**

## भगवान बुद्ध

✍ **शिब शाक्य**, *'शिशिर' (शिशा)*
*धरान-६, देशिलाइन, दोभान चोक (सुनसरी)*

शान्तिका अग्रणी भगवान बुद्ध
पहिले थिए राजा शुद्धोधनका पुत्र
देखे उनले रोगी मानिस
देखे उनले मृत्यु शैय्या
यो देखी उनलाइ मनमा भयो अैय्या
गृह त्याग गरी गए उनी शान्तिको खोजमा
त्याग तपस्या गरी धेरै बर्ष परे ओभेलमा
शान्तिको दियो जल्दै आयो
आखिर, शान्ति प्राप्त गर्न सफल भयो
अनि त, सबैको मनमा भगवान
गौतम बुद्ध ... बुद्ध ... बुद्ध भनि गुन्यो !

## गरूँ के ?

✍ **राज शाक्य, कालेबुंग**

एकान्तको मन रानी
दु:खितभई रून्छिन्
त्याग्छु भन्छ तृष्णालाई
मोह-पाशमा बाँधिन्छन् ॥१॥

कल्पनाको सुख सागरमा
मन, पन्छी बनी उड्छन्
अकुशल विचार सागरमा
मत्स्य बनी पौडिन्छन् ॥२॥

पञ्चतत्व तन बाटिकामा
पुतली बन्छ यही मन
क्रोधाग्निले अन्धो हुन्छ
अतृप्तिमा यही मन ॥३॥

व्याकुल, व्यथित, व्यग्र हुन्छ
स्वच्छ निर्मल बन्न नसकी
आफै खोजी आफै भाग्छ
पञ्चशील अपनाउन नसकी ॥४॥

पिएर राग द्वेष इर्ष्या
मात्छ यही मन
मात मेटे चेतनामा
पछुताई रून्छ यही मन ॥५॥

जानी जानी फँस्छ किन
अकुशल कार्यमा मन
दमन गर्न सकेन किन
मनले मनलाई भन ? ॥६॥

मन नै कर्ता मनै धरता
मन नै रहेछ भोक्ता
मन नै पूर्ण मनै औंसी
मन नै रहेछ हरता ॥७॥

जगाउँ कसरी शुद्ध धर्म
मनको विषमता हटाई
हिंडौं कसरी मोक्ष-पथमा
मनको विकृति मेटाई ॥८॥



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन केही प्रमुख विहारहरू

✍ देवेन्द्रराज शाक्य, बुटवल

बौद्ध दर्शनमा दानको ठूलो महत्व छ । साधारण अर्थमा दान भनेको आफूसँग भएको वस्तु अर्कोलाई दिनु हो । दान दिनु भनेको त्याग गर्नु हो । यदि हामीले कसैलाई कुनै वस्तु दियौं र त्यो वस्तु पछि फिर्ता पाउने आशा गर्‍यौं भने त्यसलाई दान भनिंदैन । मनले त्याग नगरिकन दिएको दान त्याग हुँदैन । मनले त्याग गरी दिएपछि मात्र दान दिएको हुन्छ ।

दान विभिन्न प्रकारका छन्:- (१) श्रद्धा दान: निरोगी हुनु, परिवारमा खुसी हुनु आदि कुशल कर्मको फल हो भनी विश्वास गरी दिइने दान "श्रद्धा दान" हो । (२) सत्कृत्य दान: भिक्षुहरू वा अरू कुनै भिक्षा माग्न आउनेहरूलाई, अरूलाई आदेश नदिई, स्वचित्त मनले आफ्नै हातले दिइने दान "सत्कृत्य दान" हो । (३) अनुग्रहित दान: दान दिईसकेपछि, बेकारमा दान दिइयो भनी मनमा विचार नलिईकन, मनले त्याग गरी दिइने दान-'अनुग्रहित दान' हो । (४) यथार्थ दान: दान दिंदा त्यसको प्रतिफल प्राप्तिको आशा नगरी अर्थात मैले दान दिएको बदलामा मलाई धन सम्पत्ति प्राप्त होस्, मलाई सुख प्राप्त होस्, मेरो नाम चारैतिर फैलियोस् आदि भन्ने कामना नगरी निस्वार्थ भावले आ-आफ्नो क्षमता अनुसार दान दिनु– 'यथार्थ दान' हो । (५) बखत दान: अरूलाई आपत विपत परेको बेला दान दिनु, भिक्षुहरूलाई दान दिनु, रोगीलाई औषधी गरी सेवा गर्ने; गरीब असहायहरूलाई आहार दान गर्नु आदि 'बखत दान' हो । (६) आमिस दान: आफूसँग भएको वस्तु स्वेच्छाले अरूलाई दान दिनु 'आमिस दान' हो । (७) अभय दान: अरूलाई जीवन दान दिनु - 'अभय दान' हो । (८) धर्म दान: आफूले जानेको ज्ञान गुणका कुरा अरूलाई सिकाउनु 'धर्म दान' हो ।

यस छोटो लेखमा भगवान बुद्धको जीवनकालमा बुद्ध एवं भिक्षुसंघलाई श्रद्धावान उपासक-उपासिकाहरूले श्रद्धापूर्वक दान गरिएका केही प्रमुख विहारको विवरण पूर्वप्रसंग सहित प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

(१) **बेणुवन विहार**: मगध नरेश बिम्बिसार भगवान बुद्धप्रति अत्यन्त श्रद्धा राख्दथे । उनमा राजगृहमा बुद्धलाई भिक्षुसंघ सहित भोजनको लागि निमन्त्रणा गर्ने विचार उत्पन्न भयो । आफ्ना परिवार एवं अन्य सेवकहरूका साथ उनी बुद्ध बस्नु भएको ठाउँमा गए । भगवान् बुद्धलाई वन्दना गरी आफू यहाँ बुद्ध एवं भिक्षुहरूलाई भोजनको लागि निमन्त्रणा गर्न आएको कुरा बिन्ति गरे । बुद्धले उहाँको निमन्त्रणा स्वीकार गर्नु भयो । राजा बिम्बिसार हर्षित भई राजदरबार फर्के ।

राजा बिम्बिसारलाई भगवान बुद्ध एवं भिक्षु संघको लागि एउटा भव्य विहार बनाई दान गर्ने इच्छा भयो । विहार निर्माणको लागि उपयुक्त स्थान कहाँ होला भनी विचार मग्न भए "विहार बनाउने स्थान यस्तो होस्- जुन नगरबाट टाढा नहोस्, जसबाट श्रद्धालु उपासक-उपासिकाहरूलाई विहारमा आउन जान कठिनाई नहोस् सजिलैसित आउन जान सकियोस् । साथै धेरै नजिक पनि नहोस् । मानिसहरूको भिड़भाड पनि नहोस्, एकान्त स्थान होस् । रातमा बाहिरी आवाजको कोलाहलले विहारको शान्ति भंग नहोस्" । आफ्नो राज्यमा यस्तो एकमात्र स्थान वेणुवन उद्यान भएको र सो उद्यान बुद्ध एवं भिक्षु संघको लागि विहार निर्माण गर्न अति नै उपयुक्त लाग्यो । वेणुवन उद्यान नगरबाट टाढा पनि थिएन र आउन जान पनि सजिलो थियो । यहि वेणुवन उद्यानमा विहार निर्माण गरी बुद्ध एवं भिक्षुसंघलाई दान गर्ने निश्चय गरी सो स्थानमा एउटा भव्य विहार निर्माण गराए ।

भगवान बुद्ध एवं भिक्षुहरूलाई निमन्त्रणा पठाइयो । निर्धारित समयमा बुद्ध एवं अन्य भिक्षुहरू भोजनको लागि आउनु भयो । राजाबाट बुद्ध सहित सम्पूर्ण भिक्षुहरूलाई श्रद्धापूर्वक भव्य स्वागत गरी बुद्धको लागि बनाइएको आसनमा बसाले । सबै भिक्षुहरूलाई उत्तम प्रकारका परिकार भोजन गराई सकेपछि राजा बुद्धको अगाड़ी एकापट्टी दुवै हात जोडी वन्दना गरी बुद्ध एवं भिक्षुसंघको लागि निर्माण गरिएको विहार दान स्वीकार गर्न अनुरोध गरे ।

भगवान बुद्धबाट राजाको दानशिलताको कदर गर्दै भिक्षुसंघको लागि विहार दान स्वीकार गर्नुभयो । भगवान बुद्धले त्यहाँ उपस्थित राजपरिवारका अन्य सदस्य लगाएत सबै उपासक-उपासिकालाई दानप्रदानको महत्व र यसबाट प्राप्त हुने लाभ बारे उपदेश दिनु भयो । र वस्तु दान मध्ये विहार दान श्रेष्ठ दान हो भनी



Downloaded from http://www.dhamma.digital

धर्मोपदेश दिनुभयो । स्मरणिय यो छ कि भगवान बुद्ध बुद्धत्व प्राप्त भएपछि पौष पूर्णिमाको दिन पहिलो पटक राजगृहमा आउनु भएको थियो ।

(२) **जेतवन विहारः** कोशल राज्यको राजधानी श्रावस्तीका प्रसिद्ध महाजन अनाथपिण्डिक भगवान बुद्धको प्रमुख शिष्यहरूमध्ये एक शिष्य हुन् जो दानशीलताको लागि प्रख्यात छ । अनाथपिण्डिक राजगृह आफ्नो मामाको घर (कहीं ससुराली उल्लेख छ) गएको बेला त्यहाँको चहल पहल, स्वागतको भव्य तयारी देखि उत्सुकतावश "यहाँ कसको स्वागतको लागि तयारी भइरहेको छ" भनी प्रश्न गर्दा- "भोली यहाँ भगवान बुद्ध एवं अन्य भिक्षुहरूलाई भोजनको लागि निमन्त्रणा गरिएको छ । वहाँको स्वागतको लागि तयारी भैरहेको" भन्ने जवाफ पाएपछि, अनाथपिण्डिक तत्काल बुद्ध बस्नु भएको ठाउँमा गई वहाँको दर्शन गर्ने इच्छा ब्यक्त गरे ।" तर तिमी टाढाबाट भरखर आइपुग्यौ । थाकेको होला आज आराम गर, भोली सबेरै गएर बुद्धको दर्शन गरौला" भन्ने मामाको सुझाव सुनी मनलाई शान्त गरी उनी आराम गर्न गए ।

अनाथपिण्डिकलाई रातभर निद्रा लागेन । कहिले बिहान होला र शास्ताको दर्शन गर्न पाउँला भनी मनमा गुनीरह्यो । भोलीपल्ट विहान हुने बित्तिकै नित्यकार्य सकि बुद्धको दर्शन गर्न गए । बुद्ध समक्ष गई वन्दना गरी एक छेउमा बसे । बुद्धको प्रथम पटक दर्शन गर्न पाएकोमा उ निकै खुसी देखिन्थ्यो । केहि छिन पछि बुद्धलाई भोलीको भोजनको लागि अनुमति मागे । बुद्धले मौन स्वीकार गर्नुभयो ।

भोलीपल्ट अनाथपिण्डिकको भोजनको निमन्त्रणामा उनको मामाको घर बुद्ध एवं भिक्षुहरू आउनु हुँदा अनाथपिण्डिक लगायत उनको मामाका परिवारहरूले बुद्धको भव्य स्वागत सत्कार गरी उचित आसनमा बसाली भोजन गराए । भोजन पश्चात अनाथपिण्डिकले आफ्नो मनको कुरा बुद्ध समक्ष बिन्ति गरे– भगवान मलाई धन सम्पत्तिको कुनै कमी छैन । आफ्नो अपार सम्पत्ति दान गरी पुण्य संचय गर्न चाहन्छु । भगवान बुद्ध एवं भिक्षुसंघको लागि विहार निर्माण गरी दान गर्ने इच्छा छ, कृपया श्रावस्ती पाल्नु होला । बुद्ध एवं भिक्षुहरूलाई श्रावस्ती आउने निमन्त्रणा स्वीकार गर्न अनुरोध गरे । बुद्धले मौन स्वीकृत दिनुभयो ।

अनाथपिण्डिक विहार बनाउनको लागि उपयुक्त स्थान कहाँ होला भनी मनमा कुरा खेलाउँदै आइरहेको थियो । अचानक उनको दृष्टि जेत राजकुमारको नीजि उद्यानमा पऱ्यो । चारैतिर वनले हरियाली भएको, स्वच्छ पानीको मुहान समेत भएको, शान्त र रमणिय यो स्थान विहारको लागि अति नै उपयुक्त मानी सो स्थान किन्नको लागि राजकुमारसंग कुरा गरे ।

जेत राजकुमारलाई उक्त स्थान बेच्न कुनै आवश्यकता थिएन । उनलाई रुपयाँ पैसाको कुनै कमी थिएन । त्यसकारण बढी मोल भन्यो भने शायद अनाथपिण्डिकले महंगो भएको कारणले किन्ने इच्छा गर्ने छैन भन्ने मनमा लिई, बेच्न इच्छा नहुँदा नहुँदै पनि अनाथपिण्डिकको प्रतिकृया जान्नको लागि पनि, उक्त स्थानको मोल बताए- "ऐ महाजन- तपाईंले जति जमिन लिन चाहनु हुन्छ, त्यति जमीन भरि सुनको असर्फी बिच्छाई दिनुस्" ।

राजकुमारको यस्तो उत्तर सुनी अनाथपिण्डिक अतिनै खुसी भई आफूलाई आवश्यक जमीन भरि सुनको असर्फी विछ्याउन तयार भए । यो देखि राजकुमारलाई अपठ्यारो भयो र भन्यो- "हे महाजन वास्तवमा म यो जमीन बेच्न चाहन्न, खालि तपाईंको प्रतिकृया जान्नको लागि मात्र यसको मोल बताएको हुँ" । तर अनाथपिण्डिक राजकुमारको कुरामा सहमत भएन । एकपटक मोल राखिसकेपछि तथा वचन दिईसकेपछि, बेच्दिन भनी अस्वीकार गर्न पाईदैन । तपाईंले मलाई जमीन दिनै पर्छ भनी जोड दिन थाल्यो । दुवैमा ठूलो विवाद भयो । कुरा अदालतसम्म पुग्यो ।

सारा नगरवासीमा यस घटनाको चर्चा चल्न थालेको देखि जेत राजकुमारले आफ्नो गुप्तचरहरूलाई अनाथपिण्डिकले यो जमीन यति महंगो मोलमा किन किन्न खोजिरहेछ भनी गोप्यरूपले पत्तालगाउन आदेश दिए । जब राजकुमारले अनाथपिण्डिक भगवान बुद्धको एक अत्यन्त श्रद्धावान उपासक, धार्मिक प्रवृत्तिका द्वेष र ईर्ष्या रहित निष्ठावान् ब्यक्ति हुन् र उक्त जमीन जतिसुकै महँगो भए पनि किन त्यस ठाउँमा भगवान बुद्ध र उहाँको संघको लागि एउटा भव्य विहार बनाई दान गर्ने इच्छा गरेको रहेछ भन्ने थाहा पाए, तब अनाथपिण्डिकप्रति उनको श्रद्धा उत्पन्न भयो र यस्तो दानमय पुण्यकार्यमा मलाई पनि सामेल गराईयोस् भनी अनुरोध गरे ।



Downloaded from http://www.dhamma.digital

राजकुमारले उक्त जमीनको आधा मोल मात्र लिई, त्यस जमीन भित्र पर्ने सम्पूर्ण बहुमूल्य बृक्ष तथा फलफूलका बगैंचा आफ्नो तर्फबाट दान समेत गरे ।

अनाथपिण्डिकले त्यस स्थानमा एउटा भव्य र आकर्षक विहार निर्माण गरे । त्यस विहारको नाम "अनाथपिण्डिक जेतवनाराम" राखियो । जुन पछि "जेतवन विहार" को नामले प्रसिद्ध भयो । साथै अनाथपिण्डिकले राजगृह देखि श्रावस्तीसम्म प्रत्येक योजनाको दूरीमा १-१ वटा गरी जम्मा ४५ वटा विहार निर्माण गरेका थिए ।

भगवान बुद्ध अनाथपिण्डिकको निमन्त्रणा स्वीकार गर्नु भई कपिलवस्तुबाट श्रावस्ती आउनुभई बुद्ध र भिक्षुसंघको लागि निर्माण गरिएको विहार दान स्वीकार गर्नु भयो र त्यहाँ उपस्थित सबैलाई दानबाट प्राप्त हुने पुण्यलाभ बारे धर्मोपदेश दिनुभयो ।

(३) **जीवकको आम्रवन विहारः** राजा बिम्बिसारका राजवैद्य जीवक भगवान बुद्धको श्रद्धावान एवं दानशील उपासक थिए । जब भगवान बुद्ध राजगृह आउनु हुन्थ्यो, वैद्य जीवक हरेक दिन साँझ विहान बुद्धको दर्शन गर्न जान्थ्यो र उहाँको उपदेश ज्यादै मनोयोगले श्रवण गर्दथे । राजा बिम्बिसारले भगवान बुद्धलाई दान गरेको वेणुवन विहार आफ्नो निवासबाट निकै टाढा भएको कारण सधैं बुद्धको दर्शन गर्न जान चाहेर पनि जान सक्दैनथ्यो ।

राजवैद्य जीवकको मनमा एउटा विहार निर्माण गरी भगवान बुद्ध र भिक्षुसंघलाई दान गरी पुण्य लाभ गर्ने इच्छा भयो । आफ्नो यस्तो इच्छा भएको कुरा भगवान बुद्ध समक्ष बिन्ति गरे । बुद्धले मौन स्वीकृत दिनु भयो ।

राजवैद्य जीवकको आफ्नो निजी रमणिय 'आम्रवन' नामको बगैंचा थियो । उनले सोहि बगैंचामा एउटा सुन्दर विहार निर्माण गराए । उपयुक्त दिनमा बुद्ध र भिक्षुसंघलाई निमन्त्रणा गरे । बुद्धको आगमनमा जीवकले यथोचित स्वागत सत्कार गरी भोजन प्रदान गरे । भोजन पश्चात जीवकले बुद्ध समक्ष विन्ति गरी आफूले निर्माण गराएको विहार बुद्ध एवं भिक्षुसंघलाई दान स्वीकार गर्न अनुरोध गरे । सो अनुसार बुद्धले विहार दान स्वीकार गर्नुभयो र वस्तु दान मध्ये श्रेष्ठ विहार दानबाट प्राप्त हुने पुण्यफल बारे उपदेश दिनुभयो । ■

*क्रमशः*

*सम्यक गीत*

# सरणमुत्तमं

✍ भिक्षु सम्यक् सम्बुद्ध प्राणपुत्र

धेरै जसो शरण जान्छन्, पर्वत तथा बनहरूका
आश्रम रुख चैत्यहरूका, मानिसहरू भई भयभित
न हो त्यो शरण रक्षार्थ, न हो उत्तम शरण नै
न त्यस शरण जानाले, हुन्छ मुक्त दुःख सबै
यो जुन बुद्ध धर्म तथा, संघको शरण जाने
चार आर्य सत्यहरूका, सम्यक प्रज्ञा द्वारा दर्शन
यही हो शरण रक्षार्थ, उत्तम शरण यही नै
यही शरण जानाले हुन्छ मुक्त दुःख सबै
दुःख, दुःखको कारण साथै दुःखको अतिक्रमण
आर्य अष्टाङ्गिक मार्ग, दुःख निरोध मार्ग
यही हो शरण रक्षार्थ, उत्तम शरण यही नै
यही शरण जानाले, हुन्छ मुक्त दुःख सबै

*धम्मपद, बुद्धवग्गो बाट*

# भिक्षाटन

✍ ज्ञानरत्न शाक्य
धर्मधातु महाविहार, पलाती

बुद्ध सरी चीवर धारण गरेको
दुई हातले पात्र समातेको
एउटा भिक्षु घरदैलो आयो
नबोल्ने चन्द्रमा सरी उभियो
उपासकले भिक्षा देउ भनी करायो
किसानले एकमुट्ठी चामल दियो
त्यस्तै गरी सातघरको दैलो पुग्यो
फर्की विहारमा पकाई खायो
त्यस्तै गरी वर्षौं बितायो
उपासक उपासिकाहरू बढ्ने भयो
घर दैलोमा भिक्षाटन नगरिने भयो
त्यहाँ जानेहरू विहारमा नै भोजन गराउने भयो
बुद्धको शिक्षा सिक्ने ठाउँ विहारनै भयो
एकछाक खाई शिक्षा दिने उनीनै भयो
मानिस नै भगवान् भई देखायो
बुद्धको शिक्षा लिनेलाई दिलायो



Downloaded from http://www.dhamma.digital

# बुद्धको धार्मिक शिक्षा

✍ चन्द्रकाजी शाक्य
यताबहाल, लगन टोल

गौतम बुद्ध संसारको एक महान विभूति हुनु हुन्छ । वहांले आफ्नो युगको परिस्थिति अनुरूप जुन धर्मको चक्र प्रवर्तन गर्नुभयो, त्यो यति व्यवहारिक तथा मंगलमय छ कि त्यसको शीतल छांयामा असंख्य मानिसहरू आज पनि भवचक्रबाट मुक्ति पाइराखेका छन्; आफ्नो जीवन कल्याणमय बनाई राखेका छन् । यसको दुई रूप इतिहासको पानाहरूमा अंकित छन्– शुद्ध धार्मिक रूप, जसमा आध्यात्मिक ग्रन्थिहरू नफुकालि जीवन निर्वाह तथा व्यवहारको निमित्त आचारको सरल प्रतिपादन छ र अर्को दार्शनिक रूप जसमा प्रकाण्ड बौद्ध पण्डितहरूले बुद्धको आचार प्रधान उपदेशहरूको आध्यात्मिक व्याख्या गरी शुद्ध तर्कको बल माथि तत्वहरूको गम्भीर अन्वेषण गरेका छन् ।

बुद्ध धर्म मूलतः सदाचार प्रधान छ । मानव समाजको शिथिल तथा अशुद्ध आचरणलाई सुधार्न तथा व्यवहार अध्यात्मिक उभय दृष्टिबाट स्वस्थ तथा जागरूक समाजको निर्माण गर्नु यो धर्मको यही भौतिक ध्येय तथा लक्ष्य हो ।

यस संसारमा दुःखको सत्ता यत्तिको व्यापक, प्रभावशाली तथा वास्तविक छ कि यसलाई कोही पनि धर्मोपदेशक तथा चिन्तक इन्कार गर्नै सक्तैन । दुःखको सत्ता सिद्ध भए पछि उसको निरोधक मार्गको खोज गर्नु प्रत्येकको तत्व चिन्तकको कर्तव्य हुन्छ । तथागतले विषय बिलासितामा भुलिरहनु एक अन्त तथा विषय वासना प्रहाणको दोश्रो अन्तको नितान्त दुरुस्त व्याख्या गरी दुबैको बिचमा प्रवाहित हुने मार्ग मध्यम मार्ग नै मानवको कल्याण साधक हो भनि बताइएको छ । बुद्धको 'मध्यम मार्ग' को रहस्यलाई कसैले मानवको कल्याण साधक भनेको छ । बुद्ध धर्मको 'मध्यम मार्ग' को रहस्य यसै गम्भिर तत्व माथि आश्रित छ । बुद्धद्वारा प्रतिपादन आर्य अष्टांगिक मार्गको संक्षेप निम्न आचार मार्ग सूत्रमा गरेको छ ।

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं एतं बुद्धानुसासनं ॥**

समस्त पापहरू नगर्नु, पुण्य संचय गर्नु तथा आफ्नो चित्तको परिशुद्धि गर्नु बुद्धको यही अनुशासन हो । तत्व ज्ञान विषय सम्बन्धी प्रश्नहरूको उत्तर दिनमा बुद्धको मौनावलम्बन वहांको तत् विषय ज्ञानाभावको सूचक नभई ती प्रश्नहरूको व्यर्थताको परिचय हो । आगो लागेको घरमा बस्ने व्यक्तिको प्रमुख काम आगो निभाउनु नै हो; आगो लागेको कारण र आगो लाग्ने प्रकार खोज्नु होइन । फलतः क्लेश संसारको धेरै प्राणीहरूको आचार मार्गको अनुशीलन गरी आफ्नो परम कल्याण सम्पादन गर्नु आवश्यकता छ । त्यस दुःखको कारणहरूको तात्विक समीक्षा गर्नु तथा आध्यात्मिक रहस्यहरूको छानवीन गर्नु उसको लागि नितान्त अनुपयुक्त एकदम व्यर्थ तथा बिल्कुल बेकार छ । यसप्रकार भगवान बुद्धको शिक्षाको एक मात्र दिशा हो चित्त परिशोधनको तथा सम्यक आचरणको । आरम्भिक आचार प्रधान बौद्ध धर्मको यही शिक्षा आधार शिला हो ।

बुद्धको व्यक्तित्वको परीक्षा गरे पछि यो कुरा स्पष्ट रूपले प्रतीत हुन्छ कि वहां पूर्णत बुद्धिवादी हुनु हुन्थ्यो । यसको प्रधान कारण त्यस समयको कल्पना प्रधान वातावरण थियो । वहाँ कुनै पनि तथ्यको विश्वासलाई कच्चा मूल आधारमा राख्न चाहानु हुन्नथ्यो । प्रत्युत तर्क बुद्धिको कसौटिमा सबै तत्वहरूलाई कस्नु वहांको शिक्षाको प्रधान उद्देश्य थियो । वहांले कालामहरूलाई उपदेश दिनु भएको समय स्फुट शब्दमा भनेको थियो कि तथ्यलाई यस कारणले नमान्नु कि यो परम्परा देखि चलि आएको हो अथवा यो प्राचिन कालमा भनेको थियो अथवा यो धर्म ग्रन्थमा भनेको छ अथवा त्यसको उपदेष्टा गुरु महान ऋषि हो, अथवा कुनै वादको लागि त्यसलाई ग्रहण गर्नु समुचित छ । यी कारणहरूबाट कुनै पनि तथ्यलाई ग्रहण नगर, प्रत्युत यस कारणले ग्रहण गर कि त्यो धर्म शुभप्रद (कुशल) छ तथा त्यो धर्म अनवध, अनिन्दनीय छ तथा ग्रहण गरेमा त्यसको फल सुखद तथा हितप्रद होला (अंगुत्तर निकाय) । भगवान बुद्धले आफ्नो अनुयायिहरूलाई भन्नु भएको थियो कि जुन प्रकार पारखी पुरुष सुनलाई आगोमा पोलिन्छ, त्यसलाई काटिन्छ र कसौटीमा घोटेर हेरिन्छ । यसरी जांचि सकेपछि यदि त्यो खरानिकल्यो भने मात्र त्यसलाई विशुद्ध मानिन्छ । ठीक त्यस्तै "यो मेरो वचन हो, अतः मान्य छ" यस दृष्टिले यसलाई कहिल्यै ग्रहण नगर । त्यसलाई आफैले परीक्षा गर र विशुद्ध परीक्षा गरी सके पछि मात्र त्यसलाई मान र त्यस अनुसार आचरण गर ।"



Downloaded from http://www.dhamma.digital

**"तापाच्छेदाच्च निकषात् सुवर्णमिव पण्डितः ।**
**परीक्षा भिक्षवो ग्राह्यं मद्‌वचो न तु गौरवात् ॥"**

बुद्धले तत्वानुसन्धान प्रति आफ्नो भावलाई स्पष्टत: अभिव्यक्त गरेको छ- बोधिसत्वको 'युक्तिशरण' हुनु पर्दछ अर्थात् युक्तिको सहायताले तथ्यको निर्णय गर्नु पर्दछ; 'पुद्‌गल-शरण' हुनु हुँदैन । कुनै पनि मानिसको आश्रय लिएर तथ्यलाई ग्रहण गर्नु हुँदैन । चाहे त्यो तथ्य स्थविरबाट तथागतबाट या संघबाट निर्मित किन गरेको नहोस् । युक्तिशरण भएर त्यो तत्वार्थबाट विचलित हुँदैन, न त त्यो अर्काको विश्वासमा चल्दछ ।

**व्यावहारिकता:-**

युक्तिवादी हुनुको अतिरिक्त बुद्ध नितान्त व्यावहारिक हुनु हुन्थ्यो । खाली शुष्क तर्कद्वारा कठिन तत्वहरूको व्याख्या गर्नु वहांको उद्देश्य थिएन । आध्यात्मिकताको वाद त्यस युगमा धेरै नै थियो । यस मतका अनुयायी तथ्यहरूको विषयमा नाना प्रकारका ऊटपटांग युक्तिहरूको प्रदर्शन गरी आफ्नो कर्तव्यहरूको इतिश्री सम्झी बसी राखेका थिए तर बुद्धको लागि यस आचरण नितान्त अनुचित थियो । जुन प्रकार वैद्य रोगीलाई आवश्यकतानुसार निदान र औषधि बताइ दिन्छ उस्तै प्रकार भवरोगको रोगी प्राणीहरूको लागि बुद्धले आवश्यक वस्तुहरू बताई दिनु भएको थियो । अनावश्यक वस्तुको विषयमा चाहिं बारम्बार प्रश्न सोध्ने गरेता पनि वहाँ संधै मौनै रहनु हुन्थ्यो । व्यर्थको कुराहरूको मीमांसा गर्नु अपेक्षा चुप लाग्नु नै श्रेयष्कर हो । जब कुनै बेला कोही अति प्रश्नहरूको विषयमा प्रश्न गर्ने गर्दथे, तब बुद्ध मौन भएर रहनु हुन्थ्यो जस्तो यो संसार नित्य छ या अनित्य ? यो लोक शान्त छ या अनन्त ? जीव तथा शरीर एक हो या भिन्न ? आदि प्रश्नहरू यस कोटिको हुन्थ्यो । यस्ता प्रश्नहरूलाई वहाँ अव्याकृत भनि भन्नुहुन्थ्यो । आशय यो हो कि यस्ता प्रश्नहरूको मीमांसा हुनै सक्तैन । श्रावस्तीको जेतवनमा मालुंक्य पुत्रले बुद्धसित लोकको शाश्वत - अशाश्वत, अन्तवान- अनन्त हुनु तथा जीव देहको भिन्नता- अभिन्नताको विषयमा दस प्रश्नहरू सोधेका थिए, तर बुद्धले 'अव्याकृत' भनि त्यस्को जिज्ञासा शान्त पारी दिनु भएको थियो । यस्तै प्रकारले षोट्ठपाद परिव्राजकले जब यस्तै प्रश्न गरेको थियो त्यसबेला पनि बुद्धले स्पष्ट शब्दमा "मैले आफ्नो अभिप्राय व्यक्त गरें" न यो अर्थ युक्त छ, न धर्म युक्त छ, न आदि ब्रह्मचर्यको उपयुक्त छ न सम्बोधि (परमार्थ ज्ञान) को लागि र न निर्वाणको लागि उपयुक्त छ । यसैले मैले यसलाई अव्याकृत भनेको हुँ तथा मैले भनेको थिएं- दु:खको, दु:खको हेतुको, दु:खको निरोधको तथा दु:ख निरोध गामिनी प्रतिपद (मार्ग) को ।" यस विषयलाई स्पष्ट गर्नको लागि वहांले धेरै नै सुन्दर दृष्टान्त उपस्थित गर्नुभएको थियो । वहाँको भनाई थियो 'भिक्षुहरू हो ! जस्तो कुनै मानिसलाई विषले भरिएको तीर लाग्यो र उसको बन्धु बान्धव त्यसलाई तीर निकालि दिने बैद्य कहाँ लग्यो, तर त्यस मानिसले भन्यो कि म तबसम्म तीर निकाल्न लगाउँदिन जबसम्म यी कुरा जानिंदैन कि मलाई कस्ले वाण हानेको हो ? त्यो मानिस क्षत्रिय, ब्राह्मण, वैश्य या शुद्र कुन जातको हो ? जबतक यो जानिंदैन कि तीर चलाउने मानिसको अमुक नाम, गोत्र, अथवा त्यो अग्लो, पुड्को, सानो, ठूलो या मध्यम कदको छ ? त हे भिक्षु हो ! यी कुराहरूको पत्तानै लाग्दैन र त्यो मानिस त्यसै मरिन्छ (दीघ निकाय सारनाथबाट प्रकाशित पृष्ठ २८) । आशय यो हो कि विषयुक्त तीरले लागेका व्यक्तिको लागि तीर हान्ने मानिसको रंग, रूप, नाम, गोत्र आदिको जानकारीको लागि आग्रह गर्नु तथा बिना यी कुराहरू नजानी आफ्नो औषधि गराउनबाट विमुख हुनु जुन तरह पहिलो दर्जाको मूर्खता हो, उस्तै तरह भवरोगका रोगीहरूका दशा छन् ।" रोगको कारण उ वेचैन छ, उनलाई त्यसको चिकित्सा गर्नु आवश्यक छ । भव रोगको विषयमा अनर्थक कुराहरूको सोच विचार गर्नु उनको लागि नितान्त अनावश्यक छ ।"

आध्यात्मिक विषयहरूमा बुद्धको मौन रहनुका के रहस्य छ ? यसको कारण माथि बताइसकेको छ कि यो विषय अव्याकृत छ । शब्दद्वारा यसको विवरण दिन सकिंदैन । बौद्ध ग्रन्थहरूको अनुशीलनबाट यसको अन्य कारण पनि बताउन सकिन्छ । बुद्ध धर्म मध्यम प्रतिपदा मध्यम मार्गको प्रतिनिधी हो, त्यो दुई अन्तलाई छोडेर मध्यम मार्गमा चल्नु श्रेयस्कर मान्दछ । यी प्रश्नहरूको अन्तर यदि सत्तात्मक दियो भने यो शाश्वतवाद (आत्मालाई नित्य मान्ने व्यक्तिहरूको मत) र यदि निषेधात्मक दिइयो भने यो उच्छेदवाद (आत्मालाई नश्वर मान्ने मानिसहरूको मत) हुन्छ । बुद्धलाई यी दुबै मत अमान्य छ । यस्तो अवस्थामा उत्तर दिएमा असत्यको नै प्रतिपादन हुन्छ । यही सम्झेर बुद्धले अति प्रश्नहरूको उत्तर दिने अवसरमा मौन ग्रहण गरेको हुनसक्छ, यो कल्पना अनुचित छ भन्ने प्रतीत हुन्दैन । ■

क्रमश:



Downloaded from http://www.dhamma.digital

# बोधिसत्त्वया पर्येषणा : बोधिसत्त्वया भाषां

✍ दुण्डबहादुर वज्राचार्य

"......जि छको न्हापा सम्बोधि प्राप्ति याये न्ह्यो, बुद्धत्व प्राप्त मजूनिगु इले बोधिसत्त्व जुया च्वनागु इले स्वयं थः जाति जन्मधर्म जुया नं जन्म धर्मयागु हे पर्येषणा याना। स्वयं थः बुद्धत्व धर्म जुया नं जराधर्मयागु हे पर्येषणा याना। स्वयं थः व्याधि *(रोगी)* धर्म जुया नं व्याधिधर्मयागु पर्येषणा याना। स्वयं थः मरणधर्म जुया नं मरण धर्मयागु पर्येषणा याना। स्वयं थः शोकधर्म जुया नं शोकधर्मयागु पर्येषणा याना। स्वयं थः संक्लेश धर्म जुया नं संक्लेश धर्मयागु पर्येषणा याना। उगु इले जितः थथे जुल - 'स्वयं थः जातिधर्म जुया नं जातिधर्मयागु छाय् जिं पर्येषणा याना च्वना ?......स्वयं थः संक्लेश धर्म जुया नं संक्लेश धर्मयागु छाय् जिं पर्येषणा याना च्वना ? स्वयं थः जातिधर्म जुया नं जातिधर्मयागु दुष्परिणाम खंका अनुत्पन्न, अनुत्तर, योगक्षेम निर्वाणया छाय् पर्येषणा मयाये ? स्वयं थः संक्लेशधर्म जुया नं संक्लेश धर्मयागु दुष्परिणाम सिइका असंक्लिष्ट *(=निर्मल)*, अनुत्तर, योगक्षेम निर्वाणया छाय् पर्येषणा मयाये ?"

हानं, छको न्हापा गुबले जि हाकुगु सँ दुम्ह भद्र युवक तिनिम्ह खः उबले वयसं जाःगु इले अनिच्छुक मांबौपिंत ख्वय्क ख्वय्क त्वःता सँ दान्ही ग्वाय् खाना छें त्वःता छें मदुम्ह जुया काषायवस्त्र धारण याना प्रव्रजित जुया। थुकथं प्रव्रजित जुया किंकुशल *(कुशल छु खः)* या पर्येषणा *(खोज)* यायां उत्तम शान्तिपदयागु खोज यायां गन आलार कालाम च्वना च्वंगु दु, अन वना। वना आलार कालामयात थथे धया - 'आवुसो कालाम ! थ्व *(छंगु)* धर्मविनये ब्रह्मचर्यवास च्वने।' थथे धायेवं आलार कालामं जित थथे धाल - "च्वं, आयुष्मान् ! थ्व थजागु धर्मविनय खः (गन) विज्ञपुरुषं याकनं थःगु आचार्यक *(गुरुया धर्म)* यात स्वयं थःम्हसिनं सिइका साक्षात्कार याना कया च्वनी। जिं नं याकनं हे तुरन्त हे उगु धर्मयात पुरा याना कया। जिं नं म्हुतु सनेवं म्हुतुं नंवायेवं जिं सय्का कया, सिइका कया - जिं थुगु ज्ञानवाद *(बुद्धपिंसं कना तःगु धर्म)* यात स्यू - थ्व जिं दावी याना, मेपिंसं नं याः। उगु इलय् जित थथे जुल - लाःसा आलार कालामं थःगु थुगु धर्मयात श्रद्धाया कारणं जकं थथे धया च्वंगुला मखुला - 'जिं धर्मयात स्वयं सिइका साक्षात्कार याना, प्राप्त याना विहार याना च्वनागु खः।' अवश्य नं आलार कालामं थुगु धर्मयात सिइका खंका विहार याना च्वंगु जुइमाः।"

अनंलि जि .... आलार कालाम .... याथाय् वना .... थथे धया .... 'आवुसो कालमा ! गुलि तक थुगु धर्मयात स्वयं सिइका साक्षात्कार याना, प्राप्त याना च्वनागु खः व खँ छपिंसं जिमित कने फुला ?' थथे न्यनेवं, आलार कालामं आकिञ्चन्यायतन तकया उपदेश बिल। अनंलि जित थथे थथे जुल - 'आलार कालामयाके जक श्रद्धा दुगु मखु जिके नं दु। आलार कालामयाके जक वीर्य *(=उद्योग)* दुगु मखु जिके नं दु। आलार कालामयाके जक स्मृति दुगु मखु जिके नं दु। आलार कालामयाके जक प्रज्ञा दुगु मखु जिके नं दु। छाय् जिं जक आलार कालामं थ्व धर्मयात स्वयं सिइका साक्षात्कार याना प्राप्त याना विहार याना च्वना धका धयाच्वंथे थुगु धर्मयात स्वयं थःम्हं साक्षात्कार यायेत प्रयत्न मयाये ? अनंलि जिं याकनं हे उगु धर्मयात स्वयं सिइका साक्षात्कार याना प्राप्त याना विहार याना।"

अनंलि जिं आलार कालामयाथाय् वना ......थथे धया - 'आवुसो कालाम ! थुलि हे जक थुगु धर्मयात स्वयं सिइका साक्षात्कार याना प्राप्त याना जिमित कना च्वनागुला ?'

"खः, आवुसो ! जिं थुलि तक जक थुगु धर्म स्वयं सिइका, साक्षात्कार याना प्राप्त याना कना च्वनागु खः।"

'आवुसो ! थुलि ला जिं नं थुगु धर्म स्वयं सिइका, साक्षात्कार याना प्राप्त याना च्वनागु दु।"

"लाभ जुल जिमित, आवुसो ! बांलाक लाभ जुल जिमित, आवुसो ! छथें जाम्ह योग्य सब्रह्मचारी *(पासा)* यात थःगु बिचे खना गुम्हसिनं जिपाखें जिं स्वयं सिइका साक्षात्कार याना कनागु धर्म आकिञ्चन्यायतनयात छं थः स्वयं सिइका साक्षात्कार याना प्राप्त याना विहार याना च्वन। गुगु धर्मे छं स्वयं सिइका साक्षात्कार याना विहार याना च्वन उगु धर्मे जिं नं स्वयं सिइका साक्षात्कार याना विहार याना च्वना। गुगु धर्मयात जिं



Downloaded from http://www.dhamma.digital

स्यू, उगु धर्मयात छं नं स्यू । गुगु धर्मयात छं स्यू, उगु धर्मयात जिं नं स्यू । थुकथं गथे छ ख: अथे हे जि ख: । गथे जि ख: अथे हे छ नं ख: । *(भीपिं)* निम्हसिनं थुगु सङ्घ *(बथान)* यात स्वीकार याये नु । थुकथं आलार कालामं थ: आचार्य जुया नं जि शिष्ययात थ:गु बराबर थासे तया उचित सम्मान यात । जित थथे जुल - 'थ्व धर्म न अर्थ उपयोगी जू न धर्म उपयोगी जू न आदिब्रह्मचर्य उपयोगी जू न निर्वेदया नितिं न अभिज्ञाया नितिं न सम्बोधिया निमिं न त निर्वाणया नितिं हे जू, थ्व ला आकिञ्चन्यायतनय् तक उत्पन्न जुइत जक ज्यू ।' अनंलि जिं उगु धर्मयात अपर्याप्त *(मगा:मचा)* जूगु खंका उगु धर्म विरक्त जुया त्व:ता वना ।"

हानं जिं किंकुशलया गवेषणा यायां अनुत्तर शान्तिपदयागु खोज यायां गन उद्रक रामपुत्र च्वना च्वंगु दु, अन वना । वना उद्रक रामपुत्रयात थथे धया - 'आवुसो राम ! थ्व *(छंगु)* धर्म विनये ब्रह्मचर्यवास च्वने ।' थथे धायेवं उद्रक रामपुत्रं जित थथे धाल - 'च्वं, आयुष्मान् ! थ्व थजागु धर्म विनय ख: गन विज्ञपुरुषं याकनं थ:गु आचार्यकयात स्वयं थ:म्हसिनं सिइका साक्षात्कार याना च्वनी ।' जिं नं याकनं हे तुरन्त हे उगु धर्मयात पुरा याना कया । जिं नं म्हुतुसि सनेवं म्हुतुं नवायेवं जिं सय्का कया, सिइका कया - जिं थुगु ज्ञानवादयात स्यू - थ्व जिं दावी याना, मेपिंसं नं या । उगु इले जित थथे जुल - ला:सा, उद्रक रामपुत्रं थ:गु थुगु धर्मयात श्रद्धाया कारणं जकं थथे धया च्वंगुला मखुला - 'जिं थ्व धर्मयात स्वयं सिइका साक्षात्कार याना च्वनागु ख: ।' अवश्य नं उद्रक रामपुत्रं थुगु धर्मयात सिइका खंका विहार याना च्वंगु जुइमा: ।"

अनंलि जि... उद्रक रामपुत्र .... याथाय् वना.... थथे धया - 'आवुसो राम ! गुलि तक थुगु धर्मयात स्वयं सिइका साक्षात्कार याना .... च्वनागु ख: व खँ छपिंसं जिमित कने फुला ?' थथे न्यनेवं, उद्रक रामपुत्रं नैवसंज्ञानासंज्ञायतन तकया उपदेश बिल । अनंलि जित थथे जुल - उद्रक रामपुत्रयाके जक श्रद्धा दुगु मखु जिके नं दु । छाय् जिं जक उद्रक रामपुत्रं थ्व धर्मयात स्वयं सिइका साक्षात्कार याना ... विहार याना च्वना धका धा:थें थुगु धर्मयात स्वयं थ:म्हं साक्षात्कार यायेत प्रयत्न मयासे ? अनंलि जिं याकनं हे ... उगु धर्मयात स्वयं सिइका साक्षात्कार याना ... विहार याना ।"

अनंलि जि उद्रक रामपुत्रयाथाय् वना ... थथे धया - 'आवुसो राम ! थुलि हे जक थुगु धर्मयात स्वयं सिइका साक्षात्कार याना प्राप्त याना जिमित कना च्वनागुला ?

"ख:, आवुसो ! जिं थुलि तक जक थुगु धर्म स्वयं सिइका, साक्षात्कार याना कना च्वनागु ख: ।"

"आवुसो ! थुलिं ला जिं नं ...साक्षात्कार याना प्राप्त याना च्वनागु दु । "लाभ जुल जिमित, आवुसो !... छथें जाम्ह योग्य सब्रह्मचारियात थ:गु बिचे खना गुम्हसिनं जिपाखें जिं स्वयं सिइका साक्षात्कार याना कनागु धर्म नैवसंज्ञानासंज्ञायतनयात छं थ: स्वयं सिइका साक्षात्कार याना प्राप्त याना विहार याना च्वन । गुगु धर्मे छं स्वयं सिइका साक्षात्कार याना विहार याना च्वन । उगु धर्मे जिं नं स्वयं सिइका साक्षात्कार याना विहार याना च्वना । गुगु धर्मयात जिं स्यू, उगु धर्मयात छं नं स्यू । थुकथं गथे छ ख: अथे हे जि ख: । गथे जि ख: अथे हे छ नं ख: । *(भीपिं)* निम्हसिनं थुगु सङ्घयात स्वीकार याये नु । थुकथं उद्रक रामपुत्रं सब्रह्मचारी जुया च्वनाम्ह जित आचार्य पीठे तया बिल, जित यथोचित सम्मान यात । जित थथे जुल - *(उद्रक रामपुत्रद्वारा कंगु)* थ्व धर्म न अर्थ उपयोगी जू न धर्म उपयोगी जू न आदिब्रह्मचर्य उपयोगी जू न निर्वेदया नितिं न विरागया नितिं न निरोधया नितिं न शान्तया नितिं न अभिज्ञाया नितिं न सम्बोधिया नितिं न त निर्वाणया नितिं हे जू, थ्व ला नैवसंज्ञानासंज्ञायतनय् तक उत्पन्न जुइत जक ज्यू ।' अनंलि जिं उगु धर्मयात अपर्याप्ति जूगु खंका उगु धर्म विरक्त जुया त्व:ता वना ।"

हानं जिं किंकुशलया गवेषण यायां अनुत्तर शान्तिपदयागु खोज यायां मगधे छसिकथं चारिका यायां गन उरुवेला सेनानी निगम दु, अन थ्यन । अन जिं छगू न्ह्याइपुस्से च्वंगु *(रमणीय)* यइपुस्से च्वंगु *(प्रासादिक)* ख्यले *(भूमि भाग)*, वन खण्डे छगू खुसी न्ह्याना च्वंगु खना, अनया घाट न्ह्याइपुस्से च्वंगु, यच्चुसे च्वंगु ख: । प्यखेरं चाहिलेत गांत दु । अन जित थथे जुल - थ्व ख्यो: न्ह्याइपुस्से च्वं । थ्व वन खण्ड यइपुस्से च्वं । परमार्थया उद्योगी या: जूम्ह कुलपुत्रया नितिं ध्याने लगे जुइत थ्व त:सकं ज्याख्यले दु ।"

*पासरासि-सुत्त, मज्झिमनिकायपाखें ।*

■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-८

✍ प्रेमहिरा तुलाधर

थुगु च्वसु धर्मकीर्ति पत्रिकाया वर्ष १५ ल्या: १ स पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं १" धैगु च्वसुया च्यागूगु ब्व ख: । थुगु ब्वय् धर्मकीर्ति पत्रिकाया वर्ष ८ ल्या: स खनेदुपिं मिसा च्वमिपिनि च्वसु बारे छुं खँ न्ह्यथनेगु जुइ ।

८. भिक्षु अश्वघोष (सं)

- धर्मकीर्ति, दँ ८ ल्या: ८, नें.सं. ११९९

बु.सं. २५२३, वि.सं. २०३६

धर्मकीर्ति विहार, श्रीघ: नघ:टोल, काठमाडौं

धर्मकीर्ति पत्रिकाया दँ ८, ल्या: स खनेदुपिं मिसा च्वमिपिनि च्वसु थुकथं दु ।

१. धम्मवती, धम्माचरिय- बीषमाय् ल:बीमत्यो-पौल्या ३-५
२. ताम्राकार प्रेमहेरा - दान पारमी-पौल्या ८-१२
३. स्थापित, समीर - शील -पौल्या २०-२३

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखे मुक्कं च्याम्ह च्वमिपिनि च्वसु पिदंगुली स्वम्ह मिसा च्वमिपिनि च्वसु जक दुथ्यागु दु । खला धर्मकीर्तिया न्हापान्हापाया ल्याखे स्वया थ्व ल्याखे मिसा च्वमिपिं आपालं म्ह जुइ धुंकल अयसां थ्व स्वया न्ह्योया ल्या: ७ स छम्ह हे जक मिसा च्वमि खने दुसा थुगु ल्याखे स्वम्ह मिसा च्वमिपिं पिलूभा:गु दु ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्या:या न्हापांम्ह मिसा च्वमि धम्मवती गुरुमांया "बीषमाय् ल: बी मत्यो" धैगु च्वसुइ वसपोलं अजातशत्रुं मूर्ख देवदत्तयात थ: गुरु नाला भगवान बुद्धया शिष्य थ: अबु बिम्बिसारयात स्यानागुलिं मने पीर, अशान्ती जुयाच्वंबले जीवक बैद्यया आम्रवने वना भगवान बुद्धया उपदेश न्यना जुजुया मन याउँसे च्वना बुद्धया शरणे वंगु खँ कना बिज्यासे अजात शत्रु मभिंपिनिगु संगत याना जूगुलिं वा बीषमाय् ल: बी लाकूगुलिं वयागु अमूल्य जीवन नास जुल, देवदत्तया शरणे वना अबुया हत्या या:गुलिं ज्ञान रहीत ज्वीका, दु:खं मुक्त जुइ मफुम्ह ज्वीका थ:त नं हानी, परयात नं हानी जुइका च्वने मा:गु खँ न्ह्यथना बिज्यात । नापं बीषमाय् ल: बिलकि थ:म्हं म्हुयागु गाले थ: हे क्वब्वा वनी धैगु खँ थुइकेत न्हापा जुयावंगु छगू घटना नं उल्लेख याना बिज्यात । गुकी न्हापा बोधिसत्व दिसापामोक्ष गुरु जुया बिज्याबले वसपोलया छम्ह शिष्यं सीम्ह म्वाके फैगु विद्या सयका छन्हु जंगले सीम्ह धुं म्वाका बीवं थ:हे सीगु घटना न्ह्यथना बीषमाय् ल: बी मत्यो बीषमाय् ल: बिलकि सप्रे जुया थ:त हे नास याई । उकिं ल: बी न्ह्यो बीष माँ ख:ला अमृतमाँ ख: धयागु विचा: यायमा: । अर्थात भ्रीसं सुयातं ग्वाहाली यायबले बांलाक बिचा याय्मा: मखुसा उकिं भ्रीत अपजस वइ धैगु खँ नं ध्वाथुइक उपदेश बिया बिज्यागु दु ।

थथेहे मेम्ह मिसा च्वमि मयजु प्रेमहेरा ताम्राकारया "दान पारमी" धैगु च्वसुइ पूजा रूपं अनुकम्पा व अनुग्रह तया थ:गु वस्तु कर्मफले विश्वास याना बीगु हे दान ख: अले अभिधर्म कथं थ:गु वस्तु सुयातं बी धका मती वैगु चेतना हे दान ख: धैदिसे भ्रीसं थ:त योगु वस्तु दान बी फै मखु तर महापुरुष, बोधिसत्व पिसं भिंगु थ:तयोगु वस्तु दान याय् फैगुलिं भ्रीसं दान बीगु व महापुरुषपिसं दान बीगु यक्को पा:, अले थ:त योगु भिंगु दान बी फ:सा जक दान पारमी पुरे जुइ धैगु खं नं कनादिगु दु । नापं दान याय् धुंका नुग: स्याना लोभ याना पश्चाताप याना जुल धा:सा मानसिक ल्वय बढे जुया मन गबलें आनन्द जुइमखु । अथेहे दान बीबले ज्याय् ख्यले दुगु बिइमा: अले शीलवानपिन्त दान बीबले अप्पो फल प्राप्त जुइ । तर दान याइम्ह शीलवान जुल धा:सा न्ह्याम्हसित दान ब्यूसां दानया फल त:धं जुइ । सुयातं हे नके नुग: स्याना मतिकुन्हा जुया थ:जक माल्पा छुना न:म्ह व माल्पा छुना न:म्ह सेठथें जुल धा:सा शोक जुइका च्वने माली । सिना वँसा भिंगु गतिइ लाइ मखु अगतिइ लाइ । उकिं भ्री नं न्ह्याबलें नुग: चकंका च्वनेमा: धैगु खँ कना दीगु दु ।

अथेहे थुगु ल्या:या मेम्ह मिसा च्वमि मयजु समीर स्थापितया "शील" धैगु च्वसुइ वय्कलं शीलया परिभाषा बिया दिसे शील धैगु सदाचार, संयम, नैतिकता मभिंगु ज्या मयाय्गु कुशलकार्य याय्गु लज्जा व भय जुइगु पाप कर्म तापाक्क च्वनेगु ख: धैदिसे भ्रीगु समाजया मनूतय् बानि, पह:चह: बांलाका च्वय् थहाँ वये फैगु हे शीलं याना ख: उकिं शीलं मनूतय्गु व्यक्तित्वया मू बढेयाइ धैगु खँ न्ह्यथना दीगु दु । नापं शीलय् वानम्ह मनू न्ह्याथाय् वंसां छ्यों धस्वाका प्रशंसा याका च्वने दै, सुलासुला ज्वी माली मखु । विहारे वना शील काय्गु थ:गु हे आचरण बांलाकेत ख: जि शीले च्वनागुलिं थय् याय्मखु, अय्याय् मखु धका फुर्ति याना करपिन्त दु:ख बीत मखु । थुकथं शीलं आचरण बांलाकाबीफु, हृदय, परिवर्तन याय्फु धैगु खँ ध्वाथुइकेत लेखिकाजुं चीनया भिक्षु तावलिङ व कबिपोचुइ निम्हस्या विचे जूगु घटना नं न्ह्यब्वयादीगु दु । अन्तय् भ्रीगु जीवन सुथां लाक्क न्ह्याकेत थ:म्हं फुगु शील पालन याय्मा: धैगु खँ लेखिका मयजुं भ्री सकसिया न्ह्योने तयादीगु दु । ■



Downloaded from http://www.dhamma.digital

## बौद्ध तिर्थ यात्रा

धर्मकीर्ति विहारको आयोजनामा धम्मवती गुरुमांको नेतृत्वमा बौद्ध तिर्थ यात्रीहरूको एक टोलीले नेपालको लुम्बिनी र भारतको (बुद्धगया, सारनाथ, कुशीनगर, अजन्ता, एलौरा, संकाशय, राजगिरी, वाराणशी र अन्य विभिन्न बौद्ध तिर्थस्थलहरू) भ्रमण गरी सकुशल फर्केको छ ।

२०५५ कार्तिक १२ गते देखि मंसीर ७ गतेसम्मको सो भ्रमणबाट तिर्थयात्रीहरूले बुद्धकालीन स्थानहरू र भग्नावशेषहरूलाई हेर्ने मौका प्राप्त गर्न पाएकोले उनीहरू सन्तुष्ट देखिन्छन् ।

## शील पारमिता

*( पहिलेको छुटेको बाँकी )*

२०५४ श्रावण ४ गते शनिवार । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रममा गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरले **"शील पारमिता"** विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– "दश मारमिता बुद्ध शासन राम्रो पार्नका लागि मात्र नभई गृहस्थीहरूको जीवन सुधार्नको लागि पनि आवश्यक तत्त्व हो । दश पारमिता मध्ये शील पारमिता समाजको जुनसुकै क्षेत्रमा पनि गुणवान् व्यक्तिको शीर जस्तै महत्त्वपूर्ण रहेको हुन्छ । शील दुई प्रकारका छन्– चारित्र शील र वारित्र शील । शील पालन गर्नु भनेको नै सदाचारी र कर्त्तव्य परायण हुन सक्नु हो । शील पालन गरे जस्तै आफूमा रहेका दुर्गुणहरूलाई हटाउँदै लान सकेमा अध्ययन गोष्ठीमा आई अध्ययन गरेको सार्थकता हुनेछ ।" प्रवचनको सिलसिलामा उहाँले बोधिसत्त्व ब्राह्मणले आफूलाई शीलले पवित्र पार्दै कर्त्तव्यपरायण व्यक्ति बनाउन सफल भएकोले राजा सहित सबैको प्रिय पात्र बन्न सकेको उदाहरण पनि प्रस्तुत गर्नुभयो ।

कार्यक्रमको दोश्रो चरणमा चाइनिज परम्परागत उपचार विधि– प्रयोग गरिएको स्वास्थ्य शिविर तथा स्वास्थ्य प्रशिक्षणको समिक्षा पनि गरियो ।

उक्त कार्यक्रममा सुश्री मीनशोभा शाक्यले स्वास्थ्य शिविरको आयव्यय विवरण प्रस्तुत गर्नुभयो भने शिविरका संयोजक श्री सोभियतरत्न तुलाधरले शिविर सफल पनि प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने महानुभावहरूलाई धन्यवाद दिनुभयो ।

गत आषाढ २७, २८ र २९ गते ताइवानबाट आउनुभएका २० जवान स्वास्थ्यकर्मीहरूको एक टोलीले तीन दिने स्वास्थ्य शिविरमा ६०० जवान रोगीहरूलाई उपचार गरेका थिए भने ४० जवान प्रशिक्षार्थीहरूलाई उपचार प्रशिक्षण दिनुका साथै उपचारका लागि आवश्यक सामग्रीहरू समेत उपहार स्वरूप उपलब्ध गरेका थिए ।

कार्यक्रमको तेश्रो चरणमा Buddhist Communication Centre बाट गुट नाइट एफ एममा प्रसारण गर्नका लागि दोश्रो अंकको रूपमा निकालिएको Buddhist Radio Magazine को क्यासेट सुनाइएको थियो । लगभग १५ मिनेट अवधिको उक्त क्यासेटमा बुद्धकालीन महिला विशाखाको परिचय दिवंगत भिक्षु प्रज्ञानन्द महास्थविरको जीवनी र आषाढ पूर्णिमाको महत्त्व बारे लेखहरू प्रस्तुत गरिएको थियो ।

आजको युगमा अडियो संचार मार्फत पनि बुद्ध शिक्षालाई सरल र सहज रूपमा प्रचार प्रसार गर्न आवश्यक देखिएको हुँदा यस्तो कार्यक्रमलाई निरन्तरता दिँदै जाने र निकट भविष्यमा "वन्दना" नामक बौद्ध पत्रिका समेत प्रकाशित गर्ने उक्त केन्द्रको उद्देश्य रहेको विषयमा उक्त केन्द्रका संयोजक श्री नविन चित्रकारले जानकारी दिनुभयो ।

उक्त दिनको कार्यक्रममा सभापती, संचालक र रिपोर्टर क्रमश: विकासरत्न तुलाधर, ध्रुवरत्न स्थापित र बीनु ताम्राकार रहनुभएका थिए ।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्य**

**संख्या २९१**

**शर्मिष्ठा उदास**

ललितपुर, लगनखेल

रू. १०००/–



Downloaded from http://www.dhamma.digital

## मैत्री संघको दोश्रो वार्षिकोत्सव

कार्तिक २१ गते; स्थान: पोखरा शाक्य भवन। मैत्री संघका अध्यक्ष विश्वरत्न शाक्यको सभापतित्त्वमा र भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा पोखरा मैत्री संघको द्वितीय वार्षिकोत्सव सम्पन्न भएको समाचार छ। सो समारोहमा बाल-बालिकाहरूको तर्फबाट अर्थ सहितको सामूहिक पंचशील प्रार्थना र बुद्ध वन्दनापछि प्रमुख अतिथिज्यूबाट बत्ति बाली कार्यक्रमको उद्घाटन गरिएको थियो।

उक्त कार्यक्रममा विभिन्न वक्ताहरूले यसरी आ-आफ्ना मन्तव्यहरू व्यक्त गर्नुभएका थिए।




*मैत्री संघ पोखराको दोश्रो वार्षिक उत्सव उद्घाटन गर्नुहुँदै भिक्षु अश्वघोष*

भिक्षु अश्वघोष– "सिक्नु पर्ने कुरा सिकेर त्यसलाई अभ्यास पनि गरी आफूमा लुकेर बसेका गलत संस्कार र कुवानीहरूलाई त्याग्न सक्ने व्यक्ति बुद्ध हुन सक्छ। तर हामीले आफ्ना विकृतीहरूलाई त्याग्न तयार छैनौं। हामीहरू अरूलाई उपदेश दिने कार्यमा भने सक्षम छौं। ती मध्ये म जस्तो भिक्षु पनि कम छैन। फुलवारीको औचित्य नै सबैको मन आनन्दित पार्नु हो। त्यस्तै बुद्धको शिक्षा प्रचार कार्यको लक्ष्य पनि समाजलाई रंगीचंगी फुलहरूले भरिएको फुलबारी जस्तै सुमधुर र सुगन्धित पार्नु थियो। तर तुफान र हुरी आएर फुलबारीलाई बिगारीदिए जस्तै मानिसहरूले त्याग्न नसकेका कुसंस्कार-हरूले मानव समाजलाई नै बिगारीदिन्छ। त्यसैले हामीले आफूभित्र लुकेर बसेको लोभ, द्वेष र मोह जस्ता विकृति र गलत संस्कार त्याग्न सक्नु परेको छ। यसको लागि सर्वप्रथम हामीले अरूको गल्ती खोज्ने बानी हटाई आफ्नो गल्ती खोजी त्यसलाई फाल्ने प्रयास गर्ने बानी बसाल्नु परेको छ। यस्तो कार्य गर्न सकेमा मात्र हामी महान व्यक्ति बन्न सक्नेछौं।"

राजपरिषदका सदस्य गणेश बहादुर गुरुङ्ग– "हामीले बौद्ध दर्शनमा मैत्री, करूणा, शान्ति र अहिंसा मात्र होइन प्रजातन्त्र पाउने गर्छौं। किनभने बुद्ध प्रजातन्त्रको प्रतिक हुनुहुन्छ।"

सनातन धर्म सेवा समितिका केन्द्रीय उपाध्यक्ष एवं मैत्री संघ पोखराका सल्लाहकार रविन्द्र माकजु– "हामीले धर्मलाई व्यवहारमा नउतारेसम्म अगाडि बढ्न सक्दैनौं।"

पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजु– "सीमित स्रोत र साधन भएपनि भित्री जाँगर भएमा थोरै समयमा धेरै कार्य गर्न सकिने उदाहरण मैत्री संघले देखाएको छ।"



Downloaded from http://www.dhamma.digital

मैत्री संघ पोखराका अध्यक्ष विश्वरत्न शाक्य– "मैत्री संघले बाल-बालिका (दलित वर्गका) हरूलाई समेत बुद्धको नैतिक शिक्षा दिइरहेको छ ।"

उक्त समारोहमा ज्ञानमाला संघका अध्यक्ष कृष्णमान गुभाजु, अभिभावक उमेश सि.के.ले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मैत्री संघका सचिव गोविन्द ताम्राकारले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष श्याम शाक्यले आर्थिक प्रतिवेदन पढेर सुनाउनु भएको उक्त कार्यक्रममा संघका उपाध्यक्ष विक्रम उदासले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम समापनपछि रोचक सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरिएको थियो ।

### बन्दीहरूका लागि विपश्यना ध्यान शिविर

आन्तरिक मनोबललाई बृद्धि गराई देशको सामाजिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले नेपाल विपश्यना केन्द्रले नक्खु कारागारमा त्यहाँका बन्दीहरूको लागि १० दिने विपश्यना ध्यान शिविर संचालन गरिएको समाचार प्राप्त भएको छ ।

विपश्यना साधनाले साधकलाई अन्तर्मुखी बनाई आफूले आफैंलाई परीक्षा गर्ने कार्यमा निपुर्ण बनाउन सहयोग गर्दछ । यसले गर्दा साधकलाई आफ्नो मन निर्मल पार्न प्रोत्साहन मिल्छ फलस्वरूप उ आफूलाई आन्तरिक तनावबाट मुक्त पार्न समेत सफल हुनेछ । यस अमूल्य शिक्षालाई सबै वर्गका व्यक्तिहरूले सिक्न पाउँछन् ।

विपश्यना आचार्य श्री सत्यनारायण गोयन्काले बर्माबाट सिकेर आउनु भएको यस विधिलाई भारत, नेपाल र विश्वका अन्य मुलुकहरूमा पनि प्रचार गर्न सफल हुनुभएको छ । हाल नेपालमा काठमाडौंको बुढानीलकण्ठ मुहान पोखरी र वीरगञ्जको परवानीपुरमा नियमित रूपमा शिविर सञ्चालन गर्नका लागि केन्द्रहरू स्थापना भएका छन् ।

शिविरमा भाग लिन आएका साधक साधिकाहरूले शुल्क तिर्न नपर्ने व्यवस्था मिलाइएको यस केन्द्रहरू र अन्य बाहिर संचालित शिविरहरू पुराना साधकहरूको प्रेरणादायी स्वेच्छादान कोषको आधारमा चल्ने गरेको छ । काठमाडौंको बुढानीलकण्ठ स्थित धर्मश्रृङ्ग मुहान पोखरीमा अंग्रेजी महिनाको प्रत्येक १ र १४ तारिखमा नियमित १० दिने शिविरहरू सञ्चालन हुने गरेको बुझिन्छ ।

हालै नक्खु जेलमा संचालित विपश्यना ध्यान शिविरमा विभिन्न अपराधी कार्यहरूको कारणले बन्दी बनाइएका जम्मा २० जवान कैदीहरूले भाग लिएका थिए । नेपालको जेलमा प्रथम पटक संचालित यस शिविरमा भाग लिएका कैदीहरू मध्ये २८ वर्षिय कैदी रमेश बस्नेतको अनुसार विपश्यना ध्यान गरिसकेपछि उहाँको मन पूर्णरूपले परिवर्तन भएको छ । उहाँले विपश्यना ध्यान बारे आफ्नो अनुभव बताउँदै भन्नु भएको छ– "मैले पहिले पहिले आफूबाट हुन पुगेका गल्तीहरूलाई सम्झँदै त्यसलाई आफ्नो गल्ती स्वीकारी मेरो मनलाई बोध गर्न सकेको छु ।"

यसरी विपश्यना ध्यान शिविरमा भाग लिएपछि कैदीहरूको आचरणमा केही सुधार देखिएको हुँदा यस कार्यबाट जेल अधिकारीहरू पनि सन्तुष्ट देखिन्छन् ।

विपश्यना ध्यान शिविरको यो प्रथम प्रयासको परिणाम राम्रो हुन सकेमा पछि-पछि पनि यस प्रकारको कार्यक्रमलाई अगाडि बढाउनु पर्ने विचार उहाँहरूले प्रकट गर्नुभएको छ ।

### बुद्ध मूर्ति उद्‌घाटन

२०५५ कार्तिक ७ गते । थाय्: प्रणिधिपूर्ण महाविहार बलम्बु । बलम्बु, प्रणिधिपूर्ण महाविहारया सकल दातापिनिगु गुहालिं दय्कूगु नीच्याम्ह बुद्ध मूर्ति विहारया कठिनोत्सव ज्या ज्वले हे संघ नायक भिक्षु अनिरूद्ध महास्थविरपाखें उलेज्या याना बिज्या:गु समाचार प्राप्त जूगु दु । बुद्ध मूर्ति निर्माणया लागि आवश्यक आर्थिक गुहालि बियादीपिं दातापिनिगु नां शीलापत्रे उल्लेख जूगु दु ।

अथेहे उगु विहारे बौद्ध परियत्ति शिक्षाया विद्यार्थीपिन्त च्या त्वंकेगु लागि आवश्यक आर्थिक गुहाली बियादीपिं दातापिनिगु नां थुकथं उल्लेख जुयाच्वंगु दु–

| | |
|---|---|
| (१) जुलिया (ताइवान) | रू. ७०००/– |
| (२) बद्रीमाया श्रेष्ठ, कालिमाटी | रू. ५०००/– |
| (३) थाइल्याण्ड राजदूत | रू. २०००/– |
| (४) कृष्णदेवी मानन्धर, क्षेत्रपाटी | रू. १०००/– |
| (५) मुदिता गुरुमा, बलम्बु | रू. १०००/– |
| (६) उपासक पित, देनमार्क | रू. १०००/– |



Downloaded from http://www.dhamma.digital

# वावा पासापिं याकनं वा

✍ शर्मिष्ठा उदास

संसारया दबुली ख्यालः जुया म्हिता च्वनापिं,
झी बुद्धि दुपिं मनुष्य धाय्काः जन्म जुयापिं,

जीवनया मू मसीकाः धर्म फुक्कं लोमंकूपिं,
झी सकलें न्ह्योवेका च्वनापिं याकनं दने वा ।

माया मोहया कतांमरि जोना म्हिता च्वनापिं,
याकनं धर्मया कथिं दाया स्यंकाः वांछ्वे वा ।

दान सेवाया भावना चाय्का गृहस्थी जुयानं,
सेवाया शिक्षा कयाः शील पालन याय् वा ।

तापाक्क वनेत तुति स्याःसा छ्यँ च्वंपिं माँ बौया,
सेवा याना तता केँहें दाजुकिजा मिले जुया च्वने वा ।

खिउँसे च्वंगु मनया कोठायात धर्मया मतं खंचके वा,
याकनं भावनाया जःनं झःझः धाय्के वा ।

यंके मदु छुंहे थन जोना वनेगु थुइकेत,
सिना वने न्ह्यो बुद्धया शिक्षा काय् वा ।

जिगु जिगु धकाः हाला च्वनागु म्हुतुयात
बुद्धया अनित्य गाथा ब्वना तिना छ्वे वा ।

धर्म रूपी धनपो क्वात्तुक गथः चिनाः
मिथ्या दृष्टियात सम्यक दृष्टिं त्याके वा ।

गन वने गन वने धकाः सनाच्वंगु मनयात,
विपश्यना ध्यान यानाः दुःख मदुगु लँपुइ यँके वा ।

फुसा थ्वहे जन्मे बुद्धया आर्य मार्गे च्वना,
मफुसा दान शील भावना अभ्यास याना च्वने वा ।

# हार्दिक श्रद्धाञ्जलि

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उपजित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ।

*जन्मः*
*ई. सन् ८-१०-१९२९*



*स्वर्गारोहणः*
*ई. सन् १५-१०-१९९८*

## स्व. पति कृष्णचन्द्र श्रेष्ठ

मेरो श्रीमान कृष्णचन्द्र श्रेष्ठको यही २०५५ साल आश्विन २९ गते (15th Oct. 1998) का दिन असामयिक निधन भएकोमा उहाँको पुण्यस्मृतिमा म र मेरो सम्पूर्ण परिवारले भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

श्रीमती इन्द्रमाया श्रेष्ठ
तथा सम्पूर्ण परिवार
धुलिखेल, नेपाल ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

सम्पादकीय

# नयाँ अभियान

आजभोली धर्म प्रचारार्थ विभिन्न क्षेत्रहरूमा प्रवचन गोष्ठी, हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्व कला आदि विभिन्न क्रियाकलापहरू अपनाइरहेका देखिन्छन् । यी क्रियाकलापहरूबाट मानिसहरूले धर्मको बयान, परिभाषा, महत्त्व आदि बारे त खूब जान्ने र बुझ्ने मौका प्राप्त गर्छन् । त्यसैले यसलाई धार्मिक बाटोमा टेकेको पहिलो पाइला मान्न सकिन्छ । तर जानेर बुझेर मात्र त्यसैमा सीमित रह्यो भने पुग्नु पर्ने स्थानमा नपुगी बीच बाटोमै अल्झिरहने ब्यक्ति हुन पुग्दछ । त्यसकारण आफूले जानेर बुझेर लिएका शिक्षालाई आफ्नो दैनिक जीवनमा प्रयोग गरी अभ्यासरत हुनु हाम्रो मुख्य कार्य हुन जान्छ । त्यसैले धार्मिक बन्नका लागि तर्क वितर्कमा मात्र भुली धर्मको बयान गरी अरूलाई बुझाउन मात्र जानेर पनि नपुग्ने रहेछ ।

त्यसैले हाल विपश्यना ध्यान विधिले धर्म प्रचारार्थ नयाँ रूप लिइरहेको देखिन्छ । यसले नयाँ रूप लिएपनि साँचो अर्थमा भन्ने हो भने यस विधि नयाँ विधि होइन । यो विधि भगवान बुद्धले २५०० वर्ष अगाडि नै प्रतिपादन गरिसक्नु भएको विधि हो । प्रश्न उठ्न सक्छ, के होला त विपश्यना विधि भनेको ?

विपश्यना विधि भनेको शील पालन गरी श्वास प्रश्वासमा चित्त एकाग्रह गर्नु र त्यसपछि अन्तर्मुखी भई शरीर र चित्तको स्वभावको निरीक्षण गर्नु हो । अनि स्वअनुभुतिको आधारमा त्यसको अनित्य, दुःख, अनात्मस्वभावलाई बुझी आशक्तिहरूबाट अलगग भई मुक्त जीवन जिउनु ।

तर यो विधि बीचमा लोप भइरहेको थियो फेरि सत्यनारायण गोयन्काज्यूले बर्मामा जानुभई अध्ययन गर्नु भएपछि उहाँले यस विधिको प्रचार गरी धर्म प्रचार गर्नुभयो । हुनत बर्मा निवासी अन्य ध्यान गुरुहरूको तर्फबाट पनि यस विधिको प्रचार नभएको होइन । तैपनि सत्यनारायण गोयन्काज्यूको तर्फबाट हाल नयाँ अभियान स्वरूप विभिन्न प्रकारका अपराधीहरू राखिएको जेलमा गई विपश्यना ध्यान सिकाइयो । फलस्वरूप अपराधीहरूको कलुषित हृदयलाई परिवर्तन गरी राम्रो उपलब्धी हासिल भएको देखियो । भारतका जेलहरूमा प्रयोग गरिएको यस अभियान देखि प्रभावित भई हाल नेपालको एक जेलमा पनि यस नयाँ अभियानको प्रयोग गरियो । नेपालमा विपश्यना ध्यान गर्ने अपराधीहरू मध्येबाट कसैले आफ्नो अनुभव बताउने क्रममा भन्नथाल्यो– "विपश्यना ध्यान गरी अन्तर्मुखी हुन सकेको कारणले (आफ्नो स्वभावलाई आफैले राम्ररी परीक्षा गर्न सकेको हुनाले) आफ्नो दोषलाई आफैले पत्ता लगाई आफूलाई बोध गर्न सकेको छु ।" यसरी जबसम्म आफूले आफैलाई चिन्न नसकी अरूहरूको मात्र दोष खोतल्दै हिंड्छ तबसम्म त्यस ब्यक्तिले आफ्नो खराव हृदय परिवर्तन गर्न सक्दैन । विपश्यना भावनाको मुख्य उद्देश्यनै आफ्नो बहिर्मुखी मनलाई अन्तर्मुखी बन्ने काम दिई आफूलाई चिन्ने अभ्यास गर्नु हो । जबसम्म यस कार्यलाई अभ्यास गर्न सक्दैन तबसम्म हामी धार्मिक बन्न सक्दैनौं । यसरी विपश्यना ध्यानले समाजका गुणवान मानिसहरूको गुणात्मक संख्या बढाउने प्रयास गर्छ ।

त्यसैले होला गोयन्का गुरुसंग कसैले तपाईले कतिजवान मानिसलाई बौद्ध बनाउनु भयो भन्ने प्रश्न गर्दा उहाँले यस्तो उत्तर दिनु भएको थियो– "मैले एउटा पनि ब्यक्तिलाई बौद्ध बनाएको छैन । मैले त मानिसलाई मानिस बनाउने काम मात्र गरिरहेको छु ।" उहाँको यस उत्तरबाट हामीले यो पनि थाहा पाउन सक्छौं, धर्मको नाममा कुनै साम्प्रदायिक भावना हुँदैन । धर्म सिर्फ धर्म मात्र हुन्छ । धर्ममा कुनै नाम जोडिदैन ।

अन्त्यमा हामीले यो पनि भन्न सक्छौं, विपश्यना विधिमा साम्प्रदायिक, पूर्वाग्रह र अन्धविश्वास आदि कुप्रवृत्तिहरूलाई स्थान छैन । स्वस्थ ब्यक्तिबाट स्वस्थ र सुखी समाजको निर्माण गर्न सकिन्छ । त्यसैले शुद्ध र निर्मल चित्तले भरेका मानिहरू सृजना गर्ने लक्ष रहेको यस विपश्यना विधिलाई निरन्तरता प्रदान गर्न सकोस् भनी धर्मकीर्तिले सधैं आफ्नो शुभकामना ब्यक्त गर्दछ ।

मुद्रक : "न्यू नेपाल प्रेस" प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ४४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २२९०३२, २२९४५०, फ्याक्स : (९७७-१) २४८६७८

Downloaded from http://www.dhamma.digital